'सुर्तीजन्य पदार्थमा कर वृद्धि गर्न सकिएन' पृष्ठ ५ मा

जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com



वर्ष २६ •अंक ६१ • २०८१ साल साउन ४ गते शुक्रबार (19 July, Friday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-

## जनमतले हठ त्याग्दा जोगियो सिंह सरकार

# कांग्रेस र लोसपा सहभागी भएसँगै मन्त्रिमण्डल विस्तार

**टुडे समाचारदाता**

जनकपुरधाम । केन्द्रीय सत्ता समीकरण फेरबदल भएसंगै मधेश प्रदेशमा उत्पन्न भएको विवाद साम्य भएको छ ।

सत्ता भागवण्डा अन्तर्गत जनमत पार्टीले आफ्नो हठ नत्याग्दा लामो समयको कलहपछि नेपाली काँग्रेस र लोकतान्त्रिक समाजवादी पार्टी नेपाल मधेश प्रदेश सरकारमा सहभागी भएको छ । मुख्यमन्त्री सतीशकुमार सिंहले विश्वासका मत लिनका लागि गरेका भद्र सहमतिबमोजिम कांग्रेससंग कार्यान्वयन नगर्दा कलह उत्पन्न भएको थियो ।

लामो समयको छलफललाई समेत बेवास्ता गर्दा प्रदेशको सत्ता समीकरणमै संकट उत्पन्न हुने अवस्था अन्तिम चरणमा पुगेपछि जनमत पार्टीले आफ्नो सत्ता जोगाउन हठ त्यागेपछि मन्त्रिमण्डलले पूर्णता पाएको छ ।

यस अघि कलहकै क्रममा मुख्यमन्त्री सिंहले अर्थ मन्त्रालय नदिएपछि काँग्रेस आफ्नै नेतृत्वमा नयाँ सरकारमा बनाउनका लागि तयारी थालिसकेको थियो । काँग्रेसले नयाँ सरकार गठनका लागि नेकपा एमाले र लोसपासँग छलफल समेत गरिरहेको थियो । तर बिहीबार कांग्रेस र लोसपा सिंह नेतृत्वको सरकारमा सहभागी भएका छन् । मुख्यमन्त्री सिंहले आफ्नो हठ त्याग्दै विश्वासको मत लिन अघि गरेको भद्र सहमति कार्यान्वयन गर्न तत्परता देखाएसंगै कांग्रेसलाई अर्थ सहित चार वटा मन्त्रालय दिएपछि सरकारमा सहभागी भएको छ ।

जनमतले हठ त्यागेपछि नेपाली कांग्रेसले मन्त्रीहरुको नाम टुंगो लगाएको कांग्रेस संसदीय दलका प्रमुख सचेतक कुमार कान्त झाले बताए ।

यससंगै कांग्रेससंगै लोसपा पनि सरकारमा सहभागी भएको छ ।



### नवनियुक्त मन्त्रीले लिए शपथ

मधेश प्रदेश सरकारमा कांग्रेस र लोसपाका मन्त्रीहरुले बिहीबार नै शपथ लिएका छन् । मधेश प्रदेशकी प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारीले नवनियुक्त मन्त्रीहरुलाई पद तथा गोपनीयताको शपथ गराएकी छन् ।

प्रदेश प्रमुख भण्डारीले अर्थ मन्त्रीमा रौतहटका सुनिल यादव, भूमि व्यवस्था कृषि तथा सहकारीमन्त्रीमा पर्साका जनार्दन सिंह क्षेत्री, ऊर्जा सिँचाई तथा खानेपानीमन्त्रीमा धनुषाका शेषनारायण यादव र श्रम तथा यातायातमन्त्रीमा सर्लाहीका कौशल किशोर रायलाई पद तथा गोपनीयताको शपथ गराएकी छन् ।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालकी प्रमुख सचेतक रानी कुमारी तिवारीले शिक्षा तथा संस्कृति मन्त्रीको शपथ लिएकी छन् ।

कांग्रेसले एक साताअघि नै मन्त्रीको नाम टुंगो लगाइसकेको थियो । तर जनमतले अर्थ मन्त्रालय आफूसँगै राख्न खोजेपछि मन्त्रिपरिषद् विस्तारमा ढिलाइ भइरहेको थियो । कांग्रेसले अर्थ मन्त्रालय नपाउने देखेपछि मधेश सरकारलाई दिएको समर्थन फिर्ता लिने चेतावनीसमेत दिएको थियो ।

बिहीबार कांग्रेसको मधेश प्रदेश कार्यालय जनकपुरधाममा संसदीय दलको बैठक बसेको थियो । संसदीय दलको बैठक बसेकै क्रममा अर्थसहित चार वटा मन्त्रालय दिन जनमत सहमत भएपछि कांग्रेसले नयाँ सरकार बनाउन थालेका सम्पूर्ण कार्यक्रमहरु स्थगित गर्दै ब्याक भएको थियो ।

सरकार विस्तार र मन्त्रालय भागवण्डाको विषयमा जनमतका अध्यक्ष सीके राउतले गठबन्धन दलका नेताहरुसँग छलफल समेत गरेका थिए । मधेशमा जनमतका सिंह नेतृत्वको सरकारमा एमाले, कांग्रेस र लोसपा सहभागी भएको छ । गठबन्धनमा रहेको लोसपाले दुई वटा मन्त्रालयको अडान राखेको थियो । तर मुख्यमन्त्री सिंहले एउटा मात्रै मन्त्रालय दिन सक्ने स्पष्ट पारेपछि लोसपाका अध्यक्ष महन्थ ठाकुरले तिवारीलाई मन्त्रीका लागि सिफारिस गरे ।









# 'धनुषा र महोत्तरीमा मल अभाव छैन'



जनकपुरधाम । धनुषा तथा महोत्तरीमा रासायनिक मल अभाव नरहेको कृषि सामग्री कम्पनी लिमिटेडले जनाएको छ।

उक्त कार्यालयका प्रमुख बेचनकुमार साहका अनुसार मलको पर्याप्त मौज्दात रहेको तथा सहकारी संस्थामार्फतढुवानी तथा बिक्रीवितरण भइरहेको छ।

दुवै जिल्लामा सम्बन्धित नगरपालिका तथा गाउँपालिकाले निर्धारण गरेको 'कोटा'अन्तर्गत सहकारी संस्थामार्फत मल बिक्रीवितरण हुने प्रावधान छ । सोहीअनुसार मल वितरण गरेको उहाँले जानकारी दिनुभयो। हाल युरिया नौ सय मेट्रिक टन, डिएपी मल ८४ मेट्रिक टन तथा पोटास ५८ मेट्रिक टन मौज्दात छ।

कृषि सामग्री कम्पनीबाट धनुषा र महोत्तरीका २७ पालिका अन्तर्गत दुईसय नौवटा सहकारी संस्थामार्फत मल बिक्री भइरहेको छ । भारतसँग सीमा जोडिएका पालिकाका किसानले भने भारतीय बजारबाट मल खरिद गर्ने गरेको किसानले जनाएका छन् ।

आर्थिक वर्ष २०८०/८१ मा रु ३५ करोड ४० लाख ८३ हजारको १२ हजार चार सय मेट्रिक टन मल बिक्री गरेको जनाएको छ । उक्त आवमा रु ११ करोड ५५ लाख ४१ हजारको ९२ दशमलव ५५ मेट्रिक टन युरिया, रु २३ करोड ७८ लाखको एक सय ५० मेट्रिक टन डिएपी तथा रु ७० लाख ८४ हजारको पाँच हजार ९६ मेट्रिक टन पोटास र रु छ लाख ७२ हजार मूल्य बराबरको ८४ मेट्रिक टन चुन बिक्री भएको छ।

धनुषामा ४२ हजार हेक्टरमा धानखेती हुँदै आएको तथा हालसम्म ७० प्रतिशत रोपाइँ भएको जिल्ला कृषि ज्ञान केन्द्रले जनाएको छ ।रासस

# वर्षाले करोडौँ रुपैयाँको क्षति

**टुडे समाचारदाता**

बर्दिबास । अविरल वर्षाका कारण महोत्तरीको बर्दीबासमा करोडौँ रुपैयाँको क्षति भएको छ।

आइतबार र सोमबार परेको अविरल वर्षाले बर्दिबासको विभिन्न वडामा करोडौँ रुपैयाँ बराबरको क्षति पुगेको छ। वर्षाले गएको बाढीले सयौँ विघा जग्गा र घरमा समेत क्षति पुगेको छ।

भवसीदेखि नेपाली सेनाको पृतनाको कार्यालय जाने कृषि सडकको कल्भर्ट नजिक खोलाले खाल्डो पारेपछि आवागमन असहज बनेको छ। खाल्डोका कारण सैनिक विद्यालयको स्कुल बसलाई आवागमनमा समस्या परेको प्रमुख सेनानी इमशमेहर श्रेष्ठले बताए। बर्दिबास- ७ का वडाध्यक्ष रामसोगारथ यादव भोरिलले जनाएअनुसार बडहरी खोलाले करिब एक सय विघा खेतीयोग्य जमिनमा क्षति पुऱ्याएको छ।

सोही खोलाका कारण प्रेमनगरका १० परिवार जोखिममा परेका छन्। प्रेमनगरदेखि धुम्मासन जाने बाटोको कल्भर्ट कटान गरेकाले आवागमन कष्टकर भएको बताए । भवसी खोलामा आएको बाढीले बर्दिबास- ८ स्थित क्वाटर चोकदेखि चिनी मिल जाने बाटो कटान गरेपछि आवागमन ठप्प भएको वडाध्यक्ष शमशेरसिंह लामाले बताए। वर्षाले उत्तरी भेगको चुरे क्षेत्रका दर्जन बस्तीमा क्षति पुगेको छ। बर्दिबास- ५ का वडाध्यक्ष कहारमान स्यान्तानले बताएअनुसार मडाहा, गढन्ता, ढुंग्रे र सिरखोलाले धान, मकैसहितको २५ विघा जति जग्गा कटान

> भवसी खोलामा आएको बाढीले बर्दिबास- ८ स्थित क्वाटर चोकदेखि चिनी मिल जाने बाटो कटान गरेपछि आवागमन ठप्प भएको वडाध्यक्ष शमशेरसिंह लामाले बताए ।

गरेको बताए । वडा नं १० खयरमारामा पनि बाढी र वर्षाले ठाउँ ठाउँमा सडक कटान गरेको वडाध्यक्ष प्रमोद मुक्तानको भनाइ छ। बर्दिबास- ११ का अध्यक्ष पूर्णबहादुर बलका अनुसार अविरल वर्षाका कारण बाँके, बुडुवा र खयरमारा खोलामा आएको बाढीले चुरे र भावर क्षेत्रका विभिन्न ठाउँमा भूक्षय गर्नुका साथै तीलबारी, छोड्के लगायतका गाउँमा दुई परिवारका करिब रोपोसहितका तीन बिघा जग्गामा क्षति पुगेको छ।

सोही बेला चट्याङ पर्दा बर्दिबास वडा नं ५ र ११ मा दुई जना घाइते हुनुका साथै तीन थान चौपाया मरे पनि पीडित परिवारले अझैसम्म राहत नपाएको वडाध्यक्ष बलले बताए । समस्यालाई सम्बोधन गर्न बर्दीबास नगर कार्यपालिकामा बुधबार बसेको स्थानीय विपत् व्यवस्थापन समितिको बैठकले वर्षाजन्य जोखिमको रोकथाम र क्षतिका बारेमा पनि छलफल गरेको जनाएको छ।

मेयरसमेत रहेका सो समितिका अध्यक्ष प्रह्लाद क्षेत्रीको अध्यक्षतामा बसेको बैठकमा प्रकोप पीडित वडाका वडाध्यक्षहरू, सुरक्षा निकायका प्रतिनिधि, रेडक्रसकर्मी र विभिन्न संघ संस्थाका प्रतिनिधि र सञ्चारकर्मीले मनसुनी वर्षा भर्खरै सुरु भएकाले अहिलेसम्म पारेको क्षति र यसपछि हुन सक्ने क्षतिको रोकथाम, उद्धारलगायतका समस्या र समाधानका उपायबारे विभिन्न कोणबाट छलफल भएको थियो।

सो समितिको बैठकमा सडक दायाँ बायाँ रोपिएका युक्लिप्टसका रुखका कारण उत्पन्न जोखिमदेखि विपद्पूर्व गरिनुपर्ने काममा देखा परेका समस्या र नगरपालिकाले खरिद गरेर सुरक्षाकर्मीलाई दिने गरेको उद्धार सामग्रीको गुणस्तरलाई लिएर पनि विभिन्न प्रश्न उठाइएको थियो। मेयर प्रह्लाद क्षेत्रीले चुरेबाट सिर्जित दुई दर्जन बढी नदी, खहरे र खोला खोल्सीले घेरिएको बर्दीबासको प्रकोप नियन्त्रणमा प्राकृतिकदेखि कानुनी जटिलताले अनेकन समस्या थपेको उदाहरण प्रस्तुत गरे।

विपद्का बेला नदी नियन्त्रण गरेर जनधनको सुरक्षा गर्ने ठेकेदारलाई भुक्तानी दिन सरोकारवाल निकायले अनेक थरी बाधा अड्चन गर्ने गरेको क्षेत्रीले गुनासो गरेका थिए।

# औरहीमा महिला अधिकार मञ्च



**टुडे समाचारदाता**

जनकपुरधाम । समाजिक रुपान्तरणका महिला सशक्तिकरणका लागि धनुषाको औरही गाउँपालिकामा पनि महिला अधिकार मञ्च गठन गरिएको छ।

बबिता कुमारी ठाकुरको अध्यक्षतामा पालिकास्तरीय १९ सदस्यीय समिति गठन गरिएको छ।

त्यस्तै उपाध्यक्षमा प्रमिला यादव, सचिवमा ललिता ठाकुर, सहसचिवमा शिवसति यादव, कोषाध्यक्षमा अंजिला साह रहेकी छन्।

त्यसैगरी सदस्यहरुमा रामपरी यादव, सुनिता मण्डल, रंजु मण्डल, रंजु सहनी, प्रमिला पंडित, बौवावति पंडित, कुसमा मण्डल, रेखा मिश्र, रंजना मिश्र, हसिना खातुन, रिता दास, राखी मिश्रलगायतका छिन् ।

समाज उत्थान केन्द्रको आयोजनमा भएको दुई दिवसीय महिला भेलाबाट गठन गरिएको मञ्चमा पछि थप दुई जना सदस्य थप्ने अध्यक्ष बबिता कुमारी ठाकुरले बताइन् ।

# पर्साको सुपौलीमा इलाका प्रशासन कार्यालय




वीरगञ्ज । जिल्ला प्रशासन कार्यालय पर्साले आफ्नो कार्यालयको सेवालाई जिराभवानी गाउँपालिका-४ स्थित सुपौलीमा इलाका प्रशासन कार्यालय विस्तार गर्ने भएको छ।

कार्यालयको सेवाप्रवाहलाई जनतामैत्री बनाउनका लागि इलाका प्रशासन कार्यालय विस्तार गर्न लागिएको हो ।

पर्साका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले आगामी भदौको पहिलो साताभित्रै इलाका प्रशासन कार्यालय सुपौली सञ्चालनमा ल्याउने गरी तयारी थालेको बताउनुभयो ।

"कार्यालयको सेवाप्रवाहलाई जनतामैत्री बनाउनका लागि इलाका प्रशासन कार्यालय सुपौली सञ्चालनमा ल्याउन खोजेका हौँ," उहाँले भन्नुभयो, "इलाका प्रशासन कार्यालयको भवन तयार भइसकेको छ। कार्यालय भवनको प्राविधिक मूल्याङ्कन भएर हस्तान्तरणको प्रक्रिया अघि बढिरहेको छ। सम्भवतः हामीले भदौको पहिलो साताभित्रै इलाका प्रशासन कार्यालय सञ्चालन गर्ने गरी तयारीमा जुटेका छौँ ।"

प्रमुख जिल्ला अधिकारी भुसालले इलाका प्रशासन कार्यालय सञ्चालनमा आएसँगै पर्साका ग्रामीण भेगका जनता नागरिकता, राष्ट्रिय परिचयपत्रलगायत सेवा लिनका लागि वीरगञ्ज धाउनुपर्ने बाध्यताको अन्त्य हुने बताउनुभयो । "इलाका प्रशासन कार्यालयले पहिलो चरणमा जीराभवानी, जगरनाथपुर, धोबिनी र ठोरी गाउँपालिकाका जनतालाई सेवा प्रवाह गर्नेछ।"

जिराभवानी गाउँपालिकाका-४ का स्थानीय रामप्रवेश सिसौरियाले इलाका प्रशासन कार्यालय सञ्चालनमा आएसँगै नागरिकता, राष्ट्रिय परिचयपत्रलगायत कागजात बनाउन सदरमुकाम धाउनुपर्ने बाध्यताको अन्त्य हुने बताउनुभयो ।

"आफ्नै गाउँघरमा इलाका प्रशासन आउनु पक्कै पनि हाम्रो लागि सुखद खबर हो," उहाँले भन्नुभयो, "वीरगञ्ज जानुपर्दा एकातर्फ समय र अर्कोतर्फ पैसाको पनि खर्च हुँदै आइरहेको थियो । यो सञ्चालनमा आएसँगै त्यो अप्ठेरोपनको अन्त्य हुने विश्वास लिएका छौँ ।" कार्यालय सञ्चालन भएसँगै यहाँका जनताको २७ किलोमिटर टाढाबाट वीरगञ्ज धाउनुपर्ने बाध्यताको अन्त्य हुनेछ । इलाका प्रशासन कार्यालय सञ्चालनमा आएको केही महिनाभित्रै राहदानी सेवा पनि थप गर्ने जिल्ला प्रशासन कार्यालयले जनाएको छ । इलाका प्रशासन कार्यालयमा शाखा अधिकृतको नेतृत्वमा ६ जना कर्मचारी रहनेछ।

नायब सुब्बा एक, खरिदार एक र दुईजना कम्प्युटर अपरेटर तथा एकजना कार्यालय सहयोगी रहनेछन् । इलाका प्रशासन भवन रु एक करोड पाँच लाख ९९ हजार लागतमा निर्माण भएको हो ।रासस

# मानव बेचबिखन गरेको अभियोगमा पक्राउ

काठमाण्डु । नेपाल प्रहरीले भिजिट भिसामा एकजना पीडितलाई कुवेत पुऱ्याई मानव बेचबिखन गरेको अभियोगमा पक्राउ गरी विहिबार सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा मोरङको रङ्गेली नगरपालिका-३ का ५७ वर्षीय कृष्ण अधिकारी भन्ने झयन्द्रकुमार अधिकारी रहेको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो। उहाँले भन्नुभयो, "बेचबिखन गरेको भन्ने पीडितको उजुरीका आधारमा मानव बेचबिखन अनुसन्धान ब्यूरोको टोलीले बुधबार ललितपुर महानगरपालिका-२४ बाट निजलाई पक्राउ गरेको हो।"

अधिकारीले पीडितलाई दुबईको कम्पनीमा मासिक तलब रु ४० हजारसम्म हुने काममा लगाइदिने प्रलोभन देखाई रु दुई लाख नगद लिई दुबईमा अर्का अभियुक्तले भेट गरी आफू बस्ने कोठामा लगि बन्धक बनाई घरेलु काममा लगाई यौनशोषण गरी जबरजस्ती गर्भपतनसमेत गराएको पीडितको आरोप छ।

यसैगरी, युएईमा भन्दा कुबेतमा राम्रो तलब हुन्छ भनेर विसं २०८० वैशाख २८ गते दुबईबाट कुवेत पुऱ्याई सो एजेन्टले अर्कोलाई जिम्मा लगाएको र निजले पीडितलाई बन्धक बनाई श्रम र यौन शोषणसमेत गरेको प्रारम्भिक अनुसन्धानको क्रममा खुल्न आएको प्रवक्ता कार्कीले बताउनुभयो। पीडितले नेपाल फर्काइदिन अनुरोध गर्दा रु छ लाख ७५ हजार रकम बुझाउन भनेपछि आफन्तमार्फत उक्त रकम बुझाई विसं २०८० मङ्सिर ३ गते नेपाल फर्कन सफल भएका प्रहरीले जनाएको छ।

पक्राउ परेका अधिकारीमाथि मानव बेचबिखन तथा ओसारपसार मुद्दामा जिल्ला अदालत काठमाडौँबाट पाँच दिन म्याद थप अनुमति लिई आवश्यक अनुसन्धान सुरु गरिएको प्रवक्ता कार्कीले जानकारी दिनुभयो ।रासस



# गण्डकी प्रदेशस्सरकार पुन: गठनमा सहमति खोजिँदै

गण्डकी । प्रमुख दुई दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) बीचमा नयाँ सत्तासमीकरणका लागि भएको सहमतिअनुसार सङ्घीय सरकार गठन भइसक्दा पनि गण्डकी प्रदेशमा नयाँ सरकार गठनबारे छलफल नै सुरु भएको छैन।

कांग्रेसले गण्डकी प्रदेशको मुख्यमन्त्री पाउने शीर्ष तहमा सहमति भएको भनिए पनि प्रदेशमा सत्ता साझेदारीलाई कसरी अगाडि बढाउने भन्ने विषयमा दुवै दलले कुराकानी गरेका छैनन् । एमाले गण्डकी प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक गोविन्दबहादुर नेपालीले नयाँ सरकार गठनबारे कांग्रेससँग अब छलफल सुरु गरिने जानकारी दिनुभयो।


"पार्टी केन्द्रको निर्देशन र सुझावका आधारमा हामी अगाडि बढ्छौँ, यहाँ मुख्यमन्त्री र उहाँको दलले कसरी प्रस्ताव ल्याउँछ त्यसपछि बल्ल एमाले सरकार जाने विषय टुङ्गो लाग्छ", उहाँले भन्नुभयो, "प्रदेशमा रहेका अरू साना दललाई सरकारमा समेट्ने या नसमेट्ने भन्ने विषय पनि सत्ता साझेदार मुख्य दुई दलबीचको सहमतिमा मात्र निर्णय हुन्छ।" गण्डकीमा अहिले कांग्रेसका सुरेन्द्रराज पाण्डे नेतृत्वको सरकार छ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका दुई प्रदेशसभा सदस्य, नेकपा (माओवादी केन्द्र)को चुनाव चिह्न लिएर निर्वाचित नेपाल समाजवादी पार्टी (नेसपा) का फणिन्द्र देवकोटा र स्वतन्त्र प्रदेशसभा सदस्य राजीव गुरुङको समर्थनमा उहाँले गत जेठ २८ गते प्रदेशसभाबाट विश्वासको मत पाउनुभएको थियो। सरकारमा नेसपाका देवकोटा र स्वतन्त्र प्रदेशसभा सदस्य गुरुङ मन्त्रीसमेत हुनुहुन्छ। राप्रपालाई पनि प्रदेश सरकारमा समेट्ने तयारी भइरहेकै बेला केन्द्रीय सत्ता समीकरणमा आएको फेरबदलले त्यो प्रक्रिया रोकिएको थियो।

गण्डकीमा दुई ठूला दल मिल्दा दुई तिहाइ बहुमत पुगे पनि मुख्यमन्त्री पाण्डेका लागि सरकार पुनः गठनको विषय त्यति सहज देखिएको छैन। सङ्कटका बेला साथ दिएका साना दललाई सँगै लिएर सरकार बनाउने मुख्यमन्त्रीको चाहनामा एमाले सहयोगी बन्छ कि बाधक त्यसले नयाँ सत्ता साझेदारीको खाका तय गर्ने देखिन्छ। कांग्रेस प्रदेशसभा संसदीय दलका प्रमुख सचेतक नन्दप्रसाद न्यौपानेले एमालेसहित विगतमा कांग्रेसलाई सहयोग गरेका दलहरुलाई समेटेर सरकार पुनः गठन हुने जानकारी दिनुभयो।

"हिजो कठिन अवस्था साथ दिएका दलहरुलाई बाहिर राखेर हामी मात्र सरकार सञ्चालन गर्ने भन्ने पक्षमा कांग्रेस छैन, एमालेसहित हिजो मुख्यमन्त्रीलाई विश्वासको मत दिने दल र स्वतन्त्र प्रदेशसभा सदस्यको पनि उचित व्यवस्थापन गर्नुपर्छ", उहाँले भन्नुभयो, "सरकारलाई समर्थन गर्ने सबै दललाई मिलाएर लैजाने विषयमा मुख्यमन्त्री प्रस्ट हुनुहुन्छ, बाँकी विषय दलहरुबीचको छलफलबाट टुङ्गिन्छ।"

उहाँले गण्डकी प्रदेशको मुख्यमन्त्री कांग्रेसले पाउने निर्णय भइसकेकाले अब सरकार पुनः गठनका विषयमा दलहरुबीच प्रदेशतहमा छलफल सुरु हुने बताउनुभयो । "अहिलेसम्म नयाँ सत्ता समीकरणअनुसार प्रदेश सरकार बनाउने विषयमा औपचारिक छलफल भएको छैन", उहाँले भन्नुभयो, "एक-दुई दिनभित्रैमा सरकार पुनः गठनको विषयमा सहमति जुट्छ ।" रासस




## तपाईंको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : बौद्धिक क्षमता । |
| बृष | : प्रतिभा सम्पन्नता । |
| मिथून | : शिक्षामा उन्नति । |
| कर्कट | : पारिवाहिक सुख । |
| सिंह | : धन वृद्धि सञ्चय । |
| कन्या | : प्रेम प्रसंग, मित्र सुख । |
| तुला | : सुख समृद्धि हुने । |
| वृश्चिक | : भ्रमण अवसर हुने । |
| धनु | : अवसर प्राप्त । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : पुरस्कार प्राप्त लाभ । |
| मीन | : नयाँ कार्य हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




विश्व इन्जिनियर दिवसको उपलक्ष्यमा नेपाल इन्जिनियर्स एशोसीएसन मधेश प्रदेशले जनकपुरधाममा शुभकामना अदान प्रदान तथा प्रमाणपत्र वितरण कार्यक्रम आयोजना गरेको छ,कार्यक्रममा अधिकांस इन्जिनियरहरुले दलको मुख ताक्ने बानी नत्यागेसम्म मधेशका इन्जिनियरहरुको विकास सम्भव नरहेको बताएका थिए। *तस्विर : टुडे*

# विपद्‌बाट एक सय २५ को मृत्यु



काठमाण्डु। अविरल वर्षाका कारण गत जेठ २८ गतेदेखि देशका विभिन्न स्थानमा आएको बाढीपहिरोलगायत विपद्मा परी विहिबार दिउँसोसम्म एक सय २५ जनाको मृत्यु भएको छ।

विपद्मा परी काठमाडौँमा दुई, कोशी प्रदेशमा २२, मधेस प्रदेशमा पाँच, बागमती प्रदेशमा २०, गण्डकी प्रदेशमा ३८, लुम्बिनी प्रदेशमा २३, कर्णाली प्रदेशमा सात र सुदूरपश्चिम प्रदेशमा आठ गरी जम्मा एक सय २५ जनाको मृत्यु भएको केन्द्रीय प्रहरी प्रवक्ता एवं प्रहरी नायब महानिरीक्षक दानबहादुर कार्कीले जानकारी दिनुभयो।

उहाँका अनुसार विपद्मै परी काठमाडौँमा आठ, कोशी प्रदेशमा ३४, मधेस प्रदेशमा नौ, बागमती प्रदेशमा सात, गण्डकी प्रदेशमा २९, लुम्बिनी प्रदेशमा नौँ, कर्णाली प्रदेशमा ३३ र सुदूरपश्चिम प्रदेशमा १४ गरी जम्मा एक सय ४३ जना घाइते भएका छन्। यसैगरी कोशी प्रदेशमा ४१, गण्डकी प्रदेशमा १२ गरी जम्मा ५३ जनाको उद्धार गरिएको छ। बाढीपहिरोमा परी कोशी प्रदेशमा दुई, मधेस प्रदेशमा एक, बागमती प्रदेशमा दुई, गण्डकी प्रदेशमा एक, कर्णाली प्रदेशमा एक र सुदूरपश्चिम प्रदेशमा एक गरी आठ जना बेपत्ता भएको प्रवक्ता कार्कीले बताउनुभयो।

उहाँले भन्नुभयो, "बाढीपहिरोलगायत विपद्मा परी बेपत्ता भएकाको खोजी भइरहेको छ।" सिमलताल दुर्घटनामा बेपत्ता भएकाको तथ्याङ्क यहाँ समावेश नगरिएको प्रहरीले जनाएको छ। बाढीको कारण जम्मा एक सय ८२ घर डुबानमा परेका छन्। दुई सय २२ घर, ८० गोठ, ४३ पुल, एक विद्यालय र दुई सरकारी कार्यालयमा क्षति पुगेको छ। विपद्मा पाँच सय ८५ वटा पशुचौपाय मरेका छन्। उक्त अवधिमा विपद्का घटनाबाट तीन हजार सात सय २१ परिवार विस्थापित भएका छन्।रासस

# युएसएडद्वारा २४ वर्षमा करिब दुई खर्ब सहयोग




काठमाण्डु। संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय विकास सहयोग नियोग (युएसएड) ले सन् २००० देखि नेपालको विकासका लागि विभिन्न क्षेत्रमा रु एक खर्ब ९६ अर्ब सहयोग गरेको छ।

युएसएडले नेपालको स्वास्थ्य, शिक्षा, पूर्वाधार, कृषि, आर्थिक वृद्धि, महिला तथा बालबालिकाको शसक्तिकरण, मानवीय सहायता, सुशासन, वातावरण, नागरिक समाज र सञ्चारका क्षेत्रमा डेढ अर्ब अमेरिकी डलरभन्दा बढी सहयोग प्रदान गरेको जनाएको छ।सन् २०२३ मा स्वास्थ्य, शिक्षा, र आर्थिक वृद्धिका कार्यक्रममार्फत १० लाखभन्दा बढी महिलाको जीवनमा प्रत्यक्ष योगदान पुऱ्याएको र थप ५० लाख महिला माझ अप्रत्यक्ष रुपमा आमसञ्चार माध्यमका अभियानलगायत गतिविधि पुगेको युएसएडको तथ्याङ्क छ।

युएसएडद्वारा विहिबार आयोजित सञ्चारकर्मीसँगको अन्तरक्रियामा कार्यवाहक मिसन निर्देशक बेथ होगनले युएसएडले नेपाल र नेपाली जनतासँग सात दशक लामो साझेदारीका क्रममा गरिएका सहयोग र योगदानबारे जानकारी गराउनुभएको थियो। साथै उहाँले नेपाल सरकारको आवश्यकता र प्राथमिकताअनुसार युएसएडले अनुदान सहयोग पु-याउँदै आएको उल्लेख गर्नुभयो।

युएसएड अन्तर्राष्ट्रिय विकासको नेतृत्व गर्ने अमेरिकाको सरकारी निकाय हो। युएसएडले नेपाललगायत सयभन्दा बढी मुलुकमा काम गर्दछ। युएसएड र नेपालबीचको साझेदारी ६३ वर्षभन्दा लामो छ। युएसएडको सुरुवाती दिनदेखिको सहयोगका कारण दक्षिणी तराई क्षेत्रबाट मलेरिया उन्मूलन भएको, कुनै समय बसोबास गर्न नसकिने मुलुकका भूभागमा कृषि फस्टाउन योग्य भएको, साक्षरता बढेको, औसत आयु दोब्बर भएको, बाल मृत्युदर उल्लेखनीय रुपमा घटेको, शान्ति र लोकतन्त्रमा सहजीकरण भएको र कोभिड-१९ सङ्कटको समयमा खोप, आवश्यक सामग्री र प्राविधिक सहायता प्राप्त भएको युएसएडले जनाएको छ।

युएसएडको नेपालस्थित कार्यालयका विभिन्न विभागीय अधिकारीहरुका अनुसार युएसएडले सन् २०२३ मा नेपालमा पाँच वर्ष मुनिका ११ लाखभन्दा बढी बालबालिकालाई पोषणसम्बन्धी कार्यक्रममार्फत सहयोग गरेको, बाल विवाह र बालबालिकाको जबरजस्ती हुने विवाह कम गर्न र बालिकाका लागि शिक्षा प्रवर्द्धन गर्न दुई हजारभन्दा बढी सामुदायिक अगुवा तथा सरोकारवालाहरु समाधानका उपायमा संलग्न भएका थिए। यसै अवधिमा युएसएडको सहयोगमा किसान र उद्यमीले छ करोड ३० लाख अमेरिकी डलर मूल्यको कृषि उत्पादनको बिक्री गर्न सफल भएको जनाईएको छ। एक करोड २४ लाख व्यक्तिलाई मतदाता र नागरिक शिक्षा प्राप्ति गर्न सहयोग गरेको, नेपाल सरकारलाई दुई अर्ब ४० करोड अमेरिकी डलर मूल्य बराबरको एक हजार दुई सय मेगावाट विद्युत् उत्पादन गर्ने जलविद्युत् परियोजनालाई अन्तिम रुप दिन मद्दत गरिरहेको युएसएडले जनाएको छ।

कार्यक्रममा नेपालस्थित अमेरिकी दूतावासका प्रवक्ता जेहरा नक्भीले द्विपक्षीय सम्बन्ध र सहयोगबारे धारणा व्यक्त गर्नुभएको थियो। यसैगरी युएसएड नेपालका लैङ्गिक तथा समावेशी विकास सल्लाहकार मञ्जु तुलाधर, विकास कार्यक्रम विशेषज्ञद्वय सुजन पिया र विश्वास राणा, ऊर्जा विशेषज्ञ शंकर खागी, शिक्षा विशेषज्ञ राजकुमार दुलाल, वरिष्ठ स्वास्थ्य सल्लाहकार जगनाथ शर्मा, प्राप्ति तथा सहायता विशेषज्ञद्वय चेतना घिमिरे र तेजेन्द्र पौडेल, वित्तीय विश्लेषक टेक पाण्डे, प्रमुख लेखापाल अपेक्षा श्रेष्ठलगायतले युएसएडले नेपालमा गरिरहेको सहयोग र सञ्चालित परियोजना बारे जानकारी गराउनुभएको थियो।रासस

# सैनिक कल्याणकारी कोषमा ७५ अर्ब ९० करोड नगद मौज्दात

काठमाण्डु। नेपाली सेनाका सकल दर्जा, अवकाश प्राप्त सैनिक र आश्रित परिवारको बृहत् हितका लागि स्थापित सैनिक कल्याणकारी कोषमा गत असार मसान्तसम्म रु ७५ अर्ब ९० करोड ८८ लाख नगद मौज्दात रहेको सेनाले जनाएको छ।

सैनिक मुख्यालय जङ्गी अड्डामा विहिबार आयोजित पत्रकार सम्मेलनमा सैनिक कल्याणकारी निर्देशनालयका निर्देशक सहायक रथी किरण केसीले २०८० असार मसान्तमा कोषको नगद मौज्दात रु ७१ अर्ब पाँच करोड ६१ लाख रहेकामा यस वर्ष रु चार अर्ब ८५ करोड २७ वृद्धि भएको जानकारी दिनुभयो।

कोषअन्तर्गतका विभिन्न निकायमा गत असार मसान्तसमम गरिएको लगानी रु छ अर्ब ७९ करोड ८६ लाख (लेखापरीक्षणअगावै)लाई समेत समावेश गर्दा कोषको यथार्थ सम्पत्ति रु ८२ अर्ब ८८ करोड ७४ लाख पुग्ने उहाँले जानकारी दिनुभयो।

कोषमा मुख्यगरी संयुक्त राष्ट्रसङ्घको आह्वानमा विश्वका विभिन्न मुलुकमा शान्ति स्थापनार्थ खटिइएका सेनाका जटिल परिस्थितिमा कामगरेबापत राष्ट्र सङ्घबाट प्रदान गरिने भत्ता रकमबाट केही अंश कट्टगरी जम्मा गर्दिँदै आइएको छ। यस्तै बैंक तथा वित्तीय संस्थामा निक्षेप गरिएको रकमबाट प्राप्त हुने व्याज, नेपाली सेना स्वास्थ्य विज्ञान संस्थान, विद्यालय/महाविद्यालयको शिक्षण शुल्क, परिवार आवास भाडाबापतको रकम, आयमूलक परियोजनाबाट प्राप्त रकम, विदेशी मुद्रा सटही प्रिमियम र मेडिकल सेवा उपलब्ध गराउने टिकटबाट प्राप्त रकम कोषमा जम्मा गरिने सेनाले जनाएको छ।

सेनाले काल्याणकारी कोषको रकमबाट शिक्षा, स्वास्थ्य, सीप तथा रोजगार र सुविधा तथा सहुलियतजस्ता कल्याणकारी कार्य गर्दै आइरहेको छ। कोषबाट आर्थिक वर्ष २०८०/८१ मा छ लाख ३२ हजारभन्दा बढीले स्वास्थ्य सेवा तथा १८ हजार सात सय ४८ जनाले कृषि तथा व्यावसायिक पशुपन्छी, तरकारीखेती, लघुउद्यमशील तालिम लिइ स्वरोजगार र रोजगारी प्राप्त गरेका छन्।



कोषको जोखिममा रहेको निक्षेप रकमलाई उल्लेख्य मात्रामा घटाइएको सहायक रथी केसीले जानकारी दिनुभयो। विगतका वर्षमा जोखिममा रहेको निक्षेप रकम रु ८५ करोडलाई घटाएर रु पाँच करोड दुई लाखमा झारिएको उहाँको भनाइ छ। विभिन्न अदालतमा मुद्दा विचाराधीन रहेका कारणले निक्षेप रहेको बैंक तथा वित्तीय संस्थाबाट असुली हुन नसकेको केसीले स्पष्ट पार्नुभयो।

कोष र अन्तर्गतका निकायको फछ्र्योट गर्न बाँकी बेरुजु रु आठ करोड चार लाख ३७ हजार रहेकामा गत जेठ मसान्तसम्म रु तीन करोड २६ लाख ३६ हजार फछ्र्योटगरी लगत कट्टाका लागि अनुरोध गरिएको निर्देशनालयले जनाएको छ। बाँकी बेरुजु रु चार करोड ७७ लाख ७४ हजार फछ्र्योटका क्रममा रहेको निर्देशक केसीले जानकारी दिनुभयो।

### छ दशकमा डेढ लाख शान्ति सैनिक खटिइए

शान्ति स्थापना कार्यमा नेपाली सेनाको प्रारम्भदेखि हालसम्म कुल एक लाख ५२ हजार आठ सय १८ शान्ति सैनिकले विभिन्न ४४ वटा शान्ति मिसनमा सहभागिता जनाएका सेनाले जनाएको छ। विसं २०१५ जेठ ३० गते लेबनानबाट शान्ति स्थापना कार्य मिसनमा सहभागिता जनाएको थियो।

हाल ११ वटा शान्ति मिसनमा नेपाली सेनाका पाँच हजार नौ सय १६ शान्ति सैनिक तैनाथ रहेको सेनाले जनाएको छ। हालसम्म दुई हजार सात सय सात नेपाली महिला सैनिकले शान्ति स्थापना कार्यमा सहभागिता जनाएका छन्।

सेनाले हालसम्म एक हजार चार सय ११ किलोमिटर सडकको ट्रयाक खोली सडक विभागलाई हस्तान्तरण गर्नुका साथै ३८ वटा बेलिबृज जडान गरेको छ। सेनाको प्रत्यक्ष व्यवस्थापनमा अहिले तीन वटा राष्ट्रिय गौरवका आयोजना तथा दुई वटा पहिलो प्राथमिकता प्राप्त सडक आयोजना निर्माण भइरहेको छ।

सो सडकको कूल लम्बाई दुई सय ७४ किलोमिटर रहेको छ। सेनाले खाँदबारी किमाथाङ्का (च्याम्ताङ्ग-घोंघप्पा खण्ड), कर्णाली करिडोर, बेनिघाट-आरुघाट-लार्केभञ्ज्याङ, दार्चुला-टिङ्कर सडक निर्माण गरिरहेको छ।


पत्रकार सम्मेलनमा युद्धकार्य निर्देशनालयका निर्देशक सहायक रथी रवीन्द्र खत्री, शान्ति कार्य निर्देशनालयका निर्देशक सहायक रथी प्रेमबहादुर पुन, काठमाडौँ-तराई-मधेस द्रूतमार्ग सडक आयोजनाका प्रमुख सहायक रथी विकास पोखरेल, विकास निर्माण निर्देशनालयका निर्देशक महासेनानी धर्मेन्द्रकुमार झालगायतले आआफ्नो जिम्मेवारी क्षेत्रको प्रगति विवरण प्रस्तुत गर्नुभएको थियो।रासस

# सिमलताल दुर्घटना : भौतिक पूर्वाधार मन्त्रालयद्वारा गठित समितिद्वारा स्थलगत अध्ययन

चितवन। नारायणगढ-मुग्लिन सडकखण्डको सिमलतालमा दुईवटा बस पहिराले बगाएपछि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयले गठन गरेको अध्ययन समितिले स्थलगत अध्ययन गरेको छ।

मन्त्रालयले सङ्घीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय काठमाडौँका प्रमुख ज्ञानेन्द्रकुमार झाको संयोजकत्वमा अध्ययन समिति गठन गरेको थियो। मन्त्रालयका सचिव गोपालप्रसाद सिग्देलले असार ३० गते झाको संयोजकत्वमा सडक विभागको ट्राफिक सुरक्षा शाखा प्रमुख सिनियर डिभिजनल इञ्जिनियर प्रकाशचन्द्र भण्डारी र डिभिजन सडक कार्यालय भरतपुरका प्रमुख रमेशप्रसाद पौडेल सदस्य रहेको अध्ययन समिति बनाउनुभएको थियो।

समितिलाई सात दिनभित्र प्रतिवेदन दिन भनिएको छ। सडकको अवस्था,



सडक सुरक्षाको अवस्था, भौगर्भीक स्थिति, पहिरो जानुको सम्भावित कारण लगाएका विषयमा अध्ययन गरेर प्रतिवेदन पेस गर्न भनिएको हो। झाले स्थलगत अध्ययन सकिएको र तोकिएको समयभित्र प्रतिवेदन दिनका लागि तयारी गरिएको बताउनुभयो। सडकखण्डको प्राविधिक अध्ययन गरिएको छ।

समितिका सदस्य पौडेलका अनुसार स्थलगत अध्ययनका क्रममा पहिरो खसेको माथिल्लो भूभागमा पुगेर सुक्ष्म अध्ययन गरिएको छ। सडकबाट नौ सय मिटरमाथि डाँडाबाट पहिरो झरेको हो। डाँडामा डुम्रे नामको ठाउँबाट सिन्धुली गढी भन्ने ठाउँसम्म खोलिएको सात सय मिटर लामो कच्ची सडकबाट पानी जम्मा भएर खोतल्दै पहिराको रुपमा तल झरेको अध्ययनबाट देखिएको छ। पौडेलले समग्र अजस्थाका बारेमा अध्ययन गरिएको र प्रतिवेदन बन्दै गरेको बताउनुभयो।


डिभिजन सडक कार्यालयले वर्षात अघि गरेको अध्ययनमा सो सडकका २५ ठाउँलाई जोखिमपूर्ण मानेको थियो। जसमा पहिरो खसेको सिमलताल पर्दैन। पहिरो खसेसँगै सिमलताल र कालिखोलालाई थप गरी २७ ठाउँ जोखिमपूर्ण भनिएको छ। जसमध्ये नाम्सी, तुइनखोला र कालिखोला उच्च जोखिममा रहेका छन्। ती तीन ठाउँको एक सय ७० मिटर लामो भागलाई पहिरो रोकथामका लागि रु ५२ करोड खर्च हुने अनुमान सडक विभागमा डिभिजन सडक कार्यालयले पत्राचार गरेको थियो।

गत असार २८ गते वीरगञ्जबाट काठमाडौँ जाँदै गरेको बागमती प्रदेश ०३-००६ ख १५१६ नम्बरको एञ्जल डिलक्स र काठमाडौँबाट गौर जान आउँदै गरेको बागमती प्रदेश ०३२४९५ ख ००१ नम्बरको गणपति डिलक्स बस सिमलतालमा खसेको पहिरासँगै बगेर त्रिशूली नदीमा बेपत्ता भएको थियो। उक्त बसमा सवार ६५ जनामध्ये तीन सकुशल निस्किएका थिए भने ६२ जना बेपत्ता भएका थिए। जसमध्ये २० जनाको शव फेला परेको छ।घटनापछि सोको अध्ययनका लागि गृह मन्त्रालयले गठन गरेको कार्यदलले स्थलगत अध्ययन गरिसकेको छ।रासस



जनकपुर टुडे





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# बन्धकको उद्धारका लागि पहलको खाँचो

बेरोजगारी जीविकोपार्जनका लागि आवश्यक काम , इलम , पेशा नभएको , इच्छा , जांगर र योग्यता हुँदाहुँदै पनि काम नपाएको अवस्था हो । । श्रमबजारमा मागको तुलनामा श्रमशक्तिको आपूर्ति बढी भएको अवस्था हो । श्रमशक्ति निष्क्रिय हुँदा आर्थिक प्रगतिले गति लिन सक्दैन भने अर्कोतर्फ पारिवारिक कलह ,अशान्ति , गरिबी , झैझगडा हिंसा ,कुलत र सामाजिक अपराधमा वृद्धि हुन जान्छन् । मुलुकमा रोजगारी नपाउने अवस्थाका कारण जीविकोपार्जनका लागि बैदेशिक रोजगारीमा जानेको संख्यामा दिनप्रतिदिन वृद्धि हुँदै गएको छ । त्यसमा मधेश प्रदेशका महोत्तरी , धनुषा , सिरहा , सप्तरी , बारा , पर्सा , सर्लाही , रौतहटबाट वैदेशिक रोजगारमा जानेको ग्राफ वर्षेनि बढदे गएको पाइन्छ । वैदेशिक रोजगारीका लागि विभिन्न होटलहरुमा हुने गरेको अन्तरवार्ताको दृश्यले त्यो ग्राफलाई पुष्टि गर्छ । ग्राफअनुसार नेपालमा बेरोजगारी दर ११.४ प्रतिशत छ । नेपालले ११० मुलुकलाई संस्थागत रुपमा वैदेशिक रोजगारीका लागि खुला गरेकोमा व्यक्तिगत श्रम स्वीकृति करिब १७२ मुलुकमा नेपालीहरु कामका लागि गएको पाइन्छ । औपचारिक तथा अनौपचारिक माध्यबाट ( भारतबाहेक ) अन्य देशमा करिब ४५ लाख जनशक्ति वैदेशिक रोजगारीमा गएका छन् । वैदेशिक रोजगार विभागका अनुसार हाल प्रत्येक दिन करिब १५ सय जनशक्ति वैदेशिक रोजगारीमा जाने गरेका छन् । यसका सकारात्मक पक्षमा आर्थिक विप्रेषणमार्फत गरिबी घटाउनमा सहयोगलाई लिन सकिन्छ भने सामाजिक तथा पारिवारिक विखण्डन र विग्रह बढदै जानुलाई सबैभन्दा पेचिलो नकारात्मक प्रभावका रुपमा लिन सकिन्छ । वैदेशिक रोजगारीमा रहेकामध्ये वर्षेनि ठूलो संख्यामा ज्यान पनि गुमाउने गरेका छन् । एक तथ्यांक अनुसार वैदेशिक रोजगारी क्रममा १० हजारभन्दा बढीको मृत्यु भइसकेको छ । रोजगार, आर्थिक अवसर , गरिबी निवारण , विप्रेषण र राष्ट्रिय अर्थतन्त्रमा पुऱ्याएको योगदान महत्वपूर्ण भए पनि एक आपसमा विवाद गरी हत्याको घटना , सम्झौताअनुसार काम नपाइ बन्धक र असहायको अवस्थाले नारकीय क्षणमा पुऱ्याउने ठगीका प्रकरण संवेदनहीताको उत्कर्ष रुपमा देखिन्छ । म्यानपावरले प्रलोभनमा पारी लाखैं रकम लिइ वैदेशिक रोजगारीमा पठाउने तर भनिएको अनुसार काम नपाएपछि गैरजिम्मेवार हुने र रोजगारीमा गएकालाई पशुसरह व्यवहार गरिएको छ । युएईमा मधेश प्रदेशकै ५४ जनाले शर्तअनुसारको कामनपाएपछि काम गर्न अस्वीकार गरेकोमा बन्धक बनाइ जीवनसँग खेलबाड भइरहेको समाचार प्रकाशमा आएको छ । अतः सम्बन्धित निकायले बन्धक बनाइएकालाई उद्धारको पहल गर्नु आवश्यक छ ।

# अल्ट्रा ट्रेल दौडमा चम्कँदै नेपाली नारीहरु

**कमलकुमार बस्नेत**

उनीहरु अधिकांशको बाल्यकाल पहाडी र हिमाली क्षेत्रमा घाँसदाउरालगायतका दैनिकीमै बित्यो । पहाडका उकाली र ओराली छिचोल्दै अघि बढेका उनीहरुका पाइला कतिबेला दौडिन थाले उनीहरु आफैंले मेसो पाएनन् ।

गाउँघरका अप्ठ्यारा बाटोमा हिँड्न सिकेका उनीहरुका पाइला यतिबेला विश्वका विभिन्न देशमा आयोजना हुने प्रतियोगितामा दौडिरहेका छन् । कति लहैलहैमा त कतिपय रहरले दौडिन सुरु गरेका उनीहरु अहिले यसैमा करिअर खोजिरहेका छन् । त्यति मात्रै होइन, दौडिएरै नेपाल र नेपालीको नाम विश्वमा चम्काइरहेका छन् ।

धावकका रुपमा करिअर बनाउँदै गरेका उनीहरुलाई थप प्रतिष्पर्धी बनाउन र अन्तर्राष्ट्रियस्तरमा अवसर दिलाउने सहयोगी भूमिका निर्वाह गरिरहेको छ, मञ्जुश्री ट्रेल रेसले । मञ्जुश्रीले विभिन्न आयोजनामार्फत उनीहरुलाई विभिन्न अवसर प्रदान गर्नुका साथै थप प्रतिस्पर्धी पनि बनाउँदै लगेको छ । आज हामी केही नेपाली महिला धावकबारे चर्चा गर्दैछौं ।

### निर्मला राई, खोटाङ

खोटाङकी ३३ वर्षीया निर्मला राईले नेपालको सबैभन्दा लामो मञ्जुश्री ट्रेल रेस एक सय माइल अर्थात् एक सय ७० किलोमिटरको दूरी ३४ घण्टा ५४ मिनेट ३० सेकेण्डमा पूरागरी कीर्तिमानी जीत दर्ता गरिन् । उनले यस रुटमा कायम यसअघिको कीर्तिमानलाई बिना कुनै प्रशिक्षण एक घन्टाभन्दा बढी समयले तोडेकी हुन् । उनी अब आफूलाई अन्तर्राष्ट्रिय धाविकाका रुपमा स्थापित गर्ने योजनामा छिन् । निर्मलाले अल्ट्रा रेस दौडन थालेको धेरै समय भएको छैन । तर छोटो समयको अथक प्रयासमा उनले कैयौं दौड जितेकी छन् । यस क्षेत्रमा लाग्नुको श्रेय भने उनी अन्तर्राष्ट्रिय धाविका प्रिया राईलाई दिन्छिन् । प्रियाले नै आफूलाई दौडनका लागि जहिल्यै हौसाएको उनको भनाइ छ ।

गाउँबाट काठमाडौं आएकी उनी दौडामा लाग्नुअघि जीविकोपार्जनका लागि कहिले मार्केटिङ त कहिले सुरक्षागार्डको पनि काम गरिन् । विभिन्न पसल चाहर्दै फाइनान्सका लागि पैसा उठाउनेदेखि होटेलमा भाँडासमेत माझिन । निर्मलाले पहिलोपटक नुवाकोटको झिल्टुङ क्रस कन्ट्री दौडमा भाग लिइकी थिइने । बाह्र दशमलव पाँच किलोमिटर दौडमा उनी चौथो भएकी थिइन् । उनी आफूलाई पहिलो सहभागिताबाटै अपेक्षाकृत सफलता मिलेपछि थप हौसला मिलेको हो भन्छिन् ।

उक्त दौडपछि प्रियाले विभिन्न प्रतियोगितामा भाग लिन थालिन् । वीर गणेशमान दौड प्रतियोगितामा शीर्ष दशमा परेपछि उनको तारिफ भयो । निर्मलाले गत वर्ष अप्रिलमा एक सय ३० किलोमिटरको मनास्लु ट्रेलमा सहभागी भइन् तेस्रो भइकी थिइन् । धावकका लागि मुख्य सहयोगी जुत्ता नै हो । जति राम्रो जुत्ता भयो दौडनका लागि त्यति नै सहज हुन्छ । धावनका लागि जुत्ता किन्न निकै महँगो हुने गरेको उनको भनाइ छ । त्यसैले विदेशी प्रायोजक भएका प्रतियोगितामा दौडन सहज हुने उनले सुनाइन् । दौडलाई निरन्तरता दिनका लागि पनि राम्रो प्रायोजकको साथ आवश्यक भएको उनको बुझाइ छ ।

### अनिता राई, भोजपुर

भोजपुर षडानन्द नगरपालिकाकी अनिता राईलाई सुरुमा मानिस किन दौडिन्छन् भन्ने थाहै थिएन । पोखरामा पर्यटक पथप्रदर्शकका रुपमा कार्यरत रहँदा कहिलेकाहीँ धावकहरु भेटिन्थे । तर उनलाई यी धावकहरुको यो दौडाइको उद्देश्य बुझिदनथिन् । तर सन् २०११ मा अरु कसैले उक्साएकै भरमा दौडने योजना बनाइन् ।

उनी आफ्नो पहिलो प्रतियोगिताको अघिल्लो दिन आयोजकको सम्पर्कमा आइकी थिइन् । आयोजकले दौडनुपर्छ मात्रै भनिदिए । भोलिपल्ट दौड सुरु हुने ठाउँमा पुगिन् । अरु धावकले सोहीअनुसारको पोशाक र जुत्ता लगाए पनि उनी भने सामान्य टिसर्ट, हाफ पाइन्ट र चप्पलमै पुगिन् । रातको समय पनि दौडनका लागि लाइट हुनुपर्ने भए पनि उनीसँग केही थिएन । थियो त केबल शक्ति र आत्मबल ।

उनी ५० किमीको उक्त दौडमा तेस्रो भइन् । पुरस्कारस्वरुप पाँच हजार पाइन् । आफू कार्यरत अफिसबाट पनि सम्मान पाएपछि भने दौडको महत्व बुझ्न थालिन् । उनले त्यसपछिका प्रायः दौडमा भाग थालिन् । केही दौडमा विजयी पनि भइन् ।

उनी सन् २०२१ मा दौड प्रशिक्षणका लागि काठमाडौं आइन् । नौ महिना प्रशिक्षण लिएर मञ्जुश्री ट्रेल रेसमा सहभागी भइन् । उक्त दौडमा उनी दुई पटकसम्म एक सय माइलको महिलातर्फ पहिलो र तेस्रो पटक दोस्रो भइन् । मञ्जुश्री ट्रेल रेसमा दुई पटकसम्म प्रथम हुँदा उनले अन्तर्राष्ट्रिय प्रतियोगितामा भाग लिने अवसर पाइन् । दौडकै



सिलसिलामा स्वीजरल्याण्ड, थाइल्याण्ड, फ्रान्सलगायतका मुलुक पुगिन् । अहिले उनी आफ्नो दौडलाई निरन्रतता दिँदै अरुलाई प्रशिक्षण पनि दिँदै आएकी छन् ।

### आङ फुर्बा शेर्पा, सोलुखुम्बु

सोलुखुम्बुको सोलु दूधकुण्ड नगरपालिकामा जन्मिएकी आङ फुर्बा शेर्पा स्नातक अध्ययन गरिरहेकी छन् । विद्यालयमा छँदै दौड प्रतियोगितामा भागि लिएकी उनले अहिले पनि दौडलाई निरन्तरता दिएकी छन् । उनले साढे दुई वर्षअघि दाईको सुझावमा एभरेष्ट ट्रेलमा भाग लिइन् । त्यसपछि २५ किमीको दौडमा उनले दुई वर्षसम्म लगातार उपाधि जितिन् । शेर्पा गत वर्षको एभरेष्ट म्याराथनमा विजेता बनिन् । बेसक्याम्पदेखि नाम्चेसम्मको ७० किमी दौडको महिला धावकमा उनी उत्कृष्ट ठहरिन् । त्यति मात्रै होइन, उनले आर्मी र पुरुषहरुसँगको दौडसमेत भाग लिएकी छन् । जहाँ उनले दुवैतर्फमा १०औं स्थानमा परेकी थिइन् ।

सोलुखुम्बुमै रहँदा उनी आमाबुबासँगै चौंरी चराउन जान्थिन् । विद्यालय जान मात्रै दुई घण्टा लाग्थ्यो । उनी भन्छिन्, "सायद त्यही बेलादेखि नै दौडने बानी परेको थियो । उकाली ओराली गर्दा दौडने बानी परेको हुनसक्छ ।" विगतमा भलिबल, फुटबललगायतका खेलमा सक्रिय उनी अहिले आफूलाई दौडमा मात्रै सीमित गरेकी छन् । उनी हालै सम्पन्न मञ्जुश्री ट्रेल रेसमा पहिलो पटक सहभागी हुँदै एक सय माइलतर्फ तेस्रो भइन् । उनी अब दौडको प्रशिक्षण पनि लिने योजनामा छिन् । त्यसपछि अन्तर्राष्ट्रिय दौडमा भाग लिने सपना पनि देखेकी छन् ।

### पदमकुमारी सुनुवार, ओखलढुङ्गा

ओखलढुङ्गाकी पदमकुमारी सुनुवारलाई सामान्य दौड प्रतियोगितामा भाग लिए पनि ट्रेल रेसबारे जानकारी नै थिएन । दौडमा रुचि राख्ने उनले अन्तर्राष्ट्रिय धाविका मिरा राईलगायतको नाम भने सुनेकी थिएन् । उनले सन् २०२१ उनले आफूले देखेको सपना पूरा गर्ने अवसर पाइन् । गाउँमै सम्पन्न ४२ किमी दूरीको दौडमा भाग लिएकी उनी पाँचौं भइन् । सो प्रतियोगिताको अतिथिमा मिरा राईलगायत खेलाडी थिए । सुनुवारले देखाएको उत्कृष्ट प्रदर्शनपछि उनीहरुले नै प्रशिक्षणको अवसर दिएका थिए । प्रशिक्षणका लागि सुनुवार काठमाडौं आइन् । केही समय प्रशिक्षण लिएपछि दौडलाई निरन्तरता दिइन् ।

उनले हालै सम्पन्न मञ्जुश्री ट्रेलको एक सय किमीको दौड २३ घण्टा ५६ मिनेट २२ सेकेण्डमा पूरा गरी महिलातर्फ प्रथम भइन् । उक्त प्रतियोगितामा भाग लिने रहर पूरा भएकामा उनी निकै खुसी देखिन्थिन् । पछिल्लो समय उनी काठमाडौंमै रहेर दौडलाई निरन्तर अगाडि बढाएकी छन् । हालै मात्र पनि उनले २८ दिनमा नौ सय किलोमिटर दौडिइन् । जसमा उनी महिला तथा पुरुष दुवैमा पहिलो भइन् । अन्तर्राष्ट्रिय मुलुकमा समेत दौडिसकेकी उनले आगामी दिनमा पनि दौडलाई नै अगाडि बढाउने योजनामा छिन् ।

### अनिता राई, सोलुखुम्बु

सोलुखुम्बु महाकुलुङकी अनिता कुलुङ राई पोखरामा दिदीसँग बस्दै गर्दा आम्दानीका लागि साइकल सर्भिसिङको काम गर्थिन् । साइकल सर्भिसिङका क्रममा उनी साइकल दौडाउन सिपालु भइसकेकी थिइन् । यही क्रममा उनले नेपालका विभिन्न स्थानमा जस्तै भारतका केही स्थानमा साइकल कुदाउँदै पुगिन् । यसै क्रममा उनले साइकल चलाएर केही प्रतियोगिता पनि जितिन् ।

तर उनी यतिमा मात्रै सीमित हुन चाहन्नथिन् । उनको मनमा अझै केही गर्न पाए्हुन्थ्यो लागिरहेको थियो । सोही समयमा पोखरामा दौड प्रतियोगिता आयोजना हुँदैछ भन्ने समाचार उनको कानमा पऱ्यो । विद्यालयमा अध्ययनरत उनको परीक्षा पनि नजिकिँदै थियो । यस्तो अवस्थामा शिक्षकहरुले पनि उनलाई उक्त प्रतियोगितामा भाग लिन सुझाव दिए । उनले शिक्षकको सुझाव ग्रहण गरिन् । चार हजार मिटरको दौडमा पहिलो पटक भाग लिएकी उनी विजेता बनिन् ।

त्यहाँबाट पाएको हौसलाले उनलाई दौडलाई निरन्तरता दिन हौसल दियो । तर घर परिवारले भने दौडेर जीवन खर्च गर्नुभन्दा विदेश गएर पैसा कमाउन भनिरहेका थिए । परिवारको उक्त सुझावविपरीत भाइले भने दौडनका लागि उत्सह भरिदिए । सोही समयदेखि दौडमा होमिएकी उनले हालसम्म दौडेरै कैयौं सफलता पाइसकेकी छन् । केही समयअघि सम्पन्न काठमाडौंमा सम्पन्न मञ्जुश्री ट्रेल रेसअन्तर्गतको एक सय माइलको दौडमा उनी दोस्रो भइन् । यो सफलताले उनलाई अब अन्तर्राष्ट्रिय प्रतियोगितामा दौडनका लागि ऊर्जा थपेको छ ।

### प्रिया राई, खोटाङ

खोटाङकी प्रिया राई कक्षा ९ पढ्नका लागि काठमाडौं आएकी थिइन् । अध्ययनका क्रममा उनले तेक्वान्दो प्रशिक्षण लिइन् । तेक्वान्दो प्रशिक्षणका क्रममा उनलाई अब यही क्षेत्रमा लाग्नुपर्छ भन्ने लागेको थियो । तर यसैबीच उनलाई कसैले ट्रेल रनिङबारे सुनाइदिएको थियो । तेक्वान्दोमा रमाइरहेकी उनले एक्कासी भोजपुरमा आयोजना भइरहेको ट्रेल रनिङमा पहिलो पटक भाग लिन पुगिन् । उनका अनुसार त्यो बेलासम्म दौडमै पनि करिअर बनाउन सकिन्छ भन्ने थाहा थिएन रे । "पहाडका उकालो र ओरालोमा दौडनुपर्ने रहेछ । उक्त प्रतियोगितामा भाग लिइसकेपछि उनले अब तेक्वान्दो नभई यसै क्षेत्रलाई करिअर बनाउँछु भन्ने लागेको हो", उनले भनिन् । हाल उनी यसै क्षेत्रमा निरन्तर क्रियाशील छन् ।

### रसिला तामाङ, धादिङ

धदिङकी सन् २०१५ मा अन्तर्राष्ट्रिय महिला दिवसका अवसरमा ललितपुरको जाउलाखेलस्थित आयोजना गरिएको एउटा तालिममा रसिला तामाङले भाग लिने अवसर पाएकी थिइन् । कार्यक्रममा सँगै गएकी दिदीले त्यो कार्यक्रम छाडेर अर्को कार्यक्रममा जान कर गरिन् । दिदीले भनेको अर्को कार्यक्रम दौड प्रतियोगिता रहेछ । सोही दिवसको आयोजनामा महिलाबीच दौड प्रतियोगिता आयोजना गरिएको रहेछ । तर सहभागीले अधिकांश जिन्स पाइन्ट र जुत्ता पहिरिएका थिए । उनी तुरुन्तै कोठामा पुगिन् र सोही पोशाकमा पुनःकार्यक्रममै फर्किइन् ।

लाइनमा करिब चार सय महिला दौडनका लागि तयारी अवस्थामा थिए । उनी पनि त्यही भीडमा मिसिइन् । दौडने सङ्केत पाएसँगै उनी पनि भीडमा दौडिइन् । त्यो दौड रसिलाका लागि पहिलो थियो । पाँच किलोमिटर दूरीको उक्त दौडमा रसिला दोस्रो भइन् । पहिलो दौडमै सफलता पाएकी उनले त्यसपछि दौडमै आफूलाई केन्द्रित गरिन् । पछि विस्तारै अन्य प्रतिस्पर्धामा पनि भाग लिन थालिन् र अन्तर्राष्ट्रिय प्रतियोगितामा पनि भाग लिन थालिन् । हालै सम्पन्न मञ्जुश्री ट्रेल रेसमा ५० किलोमिटरतर्फ उनी दोस्रो भइन् । उनले दौडकै सिलसिलामा एक दर्जनभन्दा बढी मुलुक पुगिसकेकी छिन् । हाल उनी दौडमै करिअर बनाउनेगरी सक्रिय छन् ।

### छोकी शेर्पा, ओखलढुङ्गा

ओखलढुङ्गाकी छोकी शेर्पा एसएलसी सकेर उच्च शिक्षाका लागि काठमाडौं आएकी थिइन् । गाउँकै साथीहरु दौड प्रतियोगितामा भाग लिएको देखेर उनी पनि यसमा आकर्षित भएकी रहिछन् । साथीहरुको सङ्गतले उनी पनि यसैमा जोडिँदै गइन् ।

सन् २०१८ मा उनले पहिलो पटक औपचारिक रुपमा दौड प्रतियोगितामा सहभागी भइन् । उनको पहिलो दौड तीन सय किमीको अन्नपूर्ण सर्किटमा थियो । सात किलोसम्मको भारी बोकेर १२ दिनमा पूरा गर्नुपर्ने सो दौडमा उनी सफल भइन् । त्यसपछि हो दौडप्रति उनको लगाव अझ बढ्यो । दौडका क्रममा उनी विभिन्न देश पुगेकी छन् । हालै सम्पन्न मञ्जुश्री ट्रेल रेसको ५० किमी दौडमा उनी पहिलो भइन् । उनी दौडकी कारण आफू सङ्कुचीत हुन नपाएको बताउँछिन् । दौडमार्फत प्रकृतिको अवलोकन गर्न पाएको र त्यससँगै आफूलाई जोड्न पाएको उनको बुझाइ छ । उनले पहिलो दौडमा लगाएको कन्भर्स जुत्ताले बनाएको घाउको अझै पनि सम्झना आउँछ । पछिल्लो समय उनले भाग लिएको काठमाडौं भ्याली रिम च्यालेञ्जमा उनी पहिलो बनिन् ।रासस

# एकल महिलाको प्रश्न- "के एक्लो महिलाको अस्तित्व हुँदैन ?"

**मधु शाही**

"भाँडै माझ्न परे पनि गर्छु, काम दिनुपऱ्यो हजुर", काखमा दूधे बालक बोकेर जुनु तामाङले होटलका साहुसँग रोजगारीको अपिल गरिरहनुभएको थियो । साहुले जवाफमा भन्नुभयो, "बच्चा बोकेर कसरी भाँडा माझ्छौ ?" दिनभरि चार ठाउँ होटल चहार्दा समेत उहाँलाई काम पाउन गाह्रो भयो ।

जुनुले त्यही भाँडा माझ्न पनि पाउनुभएन । हातमा केही सीप छैन । काखको सन्तान पाल्नकै लागि उहाँले जसरी पनि मजदुरी गर्नैपर्छ । स ुवासभा चिचिला गाउँपालिकाबाट उहाँ काठमाडौं आएको तीन वर्ष भयो । एक वर्षसम्म यसरी नै होटलमा काम खोज्दै हिँड्नुभयो । कतै एक महिना त कतै छ महिना जुठो भाँडा माझेर सन्तान हुर्काउनुभयो ।

डेङ्गु लागेर तीन वर्षअघि श्रीमान्को मुत्यु भएपछि उहाँको जीवन सहज हुन सकेन । आर्थिक रुपले सक्षम नहुँदा तामाङलाई छोराछोरी पाल्न मुस्किल छ । रोगले श्रीमान् बिते पनि उहाँलाई समाज र आफन्तीले विभिन्न आरोप लगाएर पीडा दिन छाडेका छैनन् । "लोग्ने खोइ भनेर आफन्तीले नै कुरा काट्न थाल्नुभयो, मनभरि पीडा बोकेर सन्तान कोखी च्यापी सहर पसैं", उहाँ तीन वर्षअघिको सहर पस्दाको क्षण सम्झँदै उहाँ भन्नुहुन्छ, "यहाँ आउँदा पनि सजिलो कहाँ छ र ? एक्ली महिलालाई न रोजगार पाउन सजिलो, न कोठा भाडा नै ।"

एकल महिला भएकै कारण भक्तपुरका प्रभा महर्जनले परिवारबाटै हेला खेप्नु पऱ्यो । श्रीमान्सँग सम्बन्धविच्छेद गरिन् । श्रीमान् बितेको भए कठै र बरा भनेर संवेदना दिने समाजमा उनले श्रीमान् स्वेच्छाले छोड्दा थुप्रै आरोप खेप्नुपऱ्यो । "लोग्ने छोडेकी भनेर दाजुभाइ नै बोली बार्न थाले", उहाँ भन्नुहुन्छ, "के हामी महिलालाई एक्लै बस्ने हक छैन र ?" श्रीमान्कै अंश पाउन मुद्दाको झमेला खेप्नुपर्ने सङ्घर्ष सजिलो नभएको उहाँको अनुभव छ । अंशको हक पाउन पाँच वर्ष अदालत धाउनु परेको उहाँ बताउनुहुन्छ । स्याङ्जाका सैना सुनारले दुर्घटनामा श्रीमान् गुमाएपछि चरित्रमाथि नै प्रश्नहरु उठ्न थालेको गुनासो गर्नुभयो । श्रीमान् हुँदा परिवार र समाजले जुन सम्मानपूर्वक व्यवहार गर्थ्यो नहुँदा ठीक उल्टो व्यवहार पाएको उहाँको बताउनुहुन्छ । सात वर्षअघि दुर्घटनामा परेर श्रीमान् गुमाएकी सैनाको यसमा कुनै दोष छैन तर पीडित भने परिवारले उहाँलाई नै दिने गरेको सुनाउनुभयो । यहाँसम्मकी श्रीमान् गुमाएको एक वर्षमै सुनारले विभिन्न खाले लाञ्छना खेप्नुपऱ्यो । ससुराबाट चोरीको आरोप लागेपछि उहाँले घर छोडेर काठमाडौं आएर तरकारी व्यापार गर्न थाल्नुभयो ।

रोल्पा त्रिवेणी गाउँपालिकाका धनसरी बिकले बाल्यकालमै बिहे गर्नुभयो । दश वर्षअघि अन्तरजातीय भागी विवाह भयो । एउटा छोरा जन्माएपछि उहाँलाई श्रीमान्ले छोडिदिए । न पढाइ न लेखाइ ।

धनसरी छोरो लिएर माइतीमै बस्न थाल्नुभयो । उहाँकी आमा एकल महिला हुनुहुन्छ । घर खर्च धान्ने स्थिति छैन । धनसरा छोरो पाल्नकै लागि भारत मजदुरी गर्न जानुभएको छ । "श्रीमान्ले छोडेकी नकचरी भन्दै गाउँभरि कुरा काट्छन् । सुखले बस्न दिँदैनन्", उहाँ भन्नुहुन्छ, "गाउँमै कुखुरापालन गरैं, तरकारी खेती गरैं । कुरै काटेर बस्नै नदिएपछि भारत जान बाध्य भएकी हुँ ।"

एकल महिला सुरक्षा कोष (सञ्चालन) नियमावली, २०७० मा उल्लेख भएअनुसार एकल महिला भन्नाले आर्थिक दृष्टिले विपन्न सम्बन्धविच्छेद गरेकी महिला, विधवा, ३५ वर्ष उमेर पूरा गरेकी अविवाहित महिला, पाँच वर्षभन्दा बढी समयदेखि पति हराई वा बेपत्ता भएकी महिला, अंशबन्डा गरी वा मानो छुट्टिई पतिसँग अलग बसेकी महिलालाई बुझाउँछ । सरकारले एकल महिला लक्षित थुप्रै सकारात्मक कार्य गरे पनि कार्यान्वयनको अभावका कारण एकल महिला अधिकार सम्पन्न बन्न नसकेको एकल महिला अधिकारकर्मीहरु बताउँछन् ।

'मानव अधिकारका लागि महिलाः एकल महिला समूह' का अध्यक्ष कविता पाण्डेका अनुसार राज्यले एकल महिलाको अधिकार सुनिश्चित कागजमा मात्रै गरेको बताउनुहुन्छ । उहाँले एकल महिलाको अवस्थाबारे गरेको अध्ययनपत्रको निष्कर्षमा एकल महिलाको मानव अधिकार खोसिँदै गएको उल्लेख छ । अध्ययनपत्रमा देशभर एकल महिला १० लाख एक सय ८५ जना एकल महिला छन् । राष्ट्रिय तथ्याङ्क २०७८ मा सात प्रतिशत एकल महिलाको जनस ्या रहेको उल्लेख छ । यसमा १९ प्रतिशत एकल महिला साक्षर छन्भने १२ प्रतिशत एकल महिलाको मात्रै घर छ ।

सो अध्ययनले ४९ प्रतिशत एकल महिला परिवारविहीन छन् । उनीहरु एक्लै जीवन बिताउन बाध्य छन् । "एकल महिला जीवनभर एक्लै बस्न बाध्य छन्", पाण्डेले भन्नुभयो, "जसले गर्दा धेरैलाई 'डिप्रेसन'को




सिकार हुनुपरेको स्थिति छ ।" एकल महिला जग्गा र जमिनको पहुँचमा पनि पछि नै छन् । ३९ प्रतिशत जग्गामा पहुँच रहेको तथ्याङ्क छ । रोजगारको हिसाबले ४.८ प्रतिशत एकल महिला मात्रै रोजगारमा सक्रिय छन्भने १.३ प्रतिशत घरेलु उद्योगमा र ४.३ प्रतिशत व्यवसायमा छन् । विश्वको तथ्याङ्क केलाउने हो भने २८ करोड ५० हजार एकल महिला छन् । एक करोड १५ लाख एकल महिला एकदमै कष्टकर र गरिबीको जीवन बिताउन बाध्य रहेको तथ्याङ्क छ । झन्डै १५ लाख एकल महिलाका बालबालिकाले पोषण नपाएर मृत्यु भएका छन् । आर्थिक र सामाजिक हिसाबले पछि परेका एकल महिलालाई उमेरको हद बिना नै सामाजिक सुरक्षा भत्ता दिनुपर्ने उहाँको जोड छ । यति मात्रै नभई स्वास्थ्य, शिक्षा र यातायातमा छुट दिनुपर्ने उहाँ बताउनुहुन्छ ।

राष्ट्रिय महिला आयोगले एकल महिलाको पछिल्लो अवस्था सङ्कलन गर्न सातवटै प्रदेशमा अन्तरक्रियात्मक गतिविधि गरेको थियो । बागमती प्रदेशमा गरेको अन्तरक्रियामा सहभागी एकल महिलाले स्थानीय तहमा एकल महिलाले पाउनुपर्ने भत्ता सहज नगरिदिँदा समस्या झेल्नुपरेको बताउनुभएको थियो । राष्ट्रिय मानव अधिकार आयोगका सदस्य लिली थापाले मानव अधिकार आयोगमै एकल महिलाको मुद्दा सम्बोधन गर्न नसकेको स्वीकार गर्नुभएको छ । उहाँले आफू सदस्य भएपछि धेरैपटक एकल महिलाका मुद्दा उजागर गर्दा यसलाई मानव अधिकारको विषय नै नबनाइने विडम्बना रहेको बताउनुभयो । साथै, राज्यले नै एकल महिलाको संरक्षण गर्न बनाएको एकल महिला सुरक्षा कोष पाँच वर्षसम्म पनि लागू नहुनुले मुलुकका सात प्रतिशत जनस ्या भएका एकल महिलाले कष्टपूर्ण जीवनयापन गर्नुपरेको उहाँको भनाइ छ । "पाँच वर्षमा चार महिला मन्त्री परिवर्तन भए तर कोष कार्यान्वयनमा आएको छैन", उहाँले भन्नुभयो, "कोषमा रु छ करोड बजेट 'फ्रिज' भएको छ, एकल महिलाले दुःख पाएका छन् ।" उहाँले महिला मन्त्रालयले कोषको रकम परिचालन गर्न सरकारलाई दबाब दिइरहेको बताउनुभयो ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमलाकुमारी पराजुलीले एलक महिला सवाललाई आयोगको तर्फबाट कार्यान्वयन गर्न सरकारसँग सिफारिस गर्ने बताउनुभयो । उहाँले आयोगले चालु आर्थिक वर्षमा सातवटै प्रदेशमा एकल महिलासम्बन्धी कार्यक्रम गरेर अवस्था अनुगमन गर्दा एकल महिलाको स्थिति नाजुक रहेको सुनाउनुभयो ।

वैदेशिक रोजगाको कारणले होस् या विपत्मा परेर धेरै पुरुषको मृत्यु हुँदा महिला एकल भएको स्थिति छ । दश वर्षे माओवादी सशस्त्र द्वन्द्वमै पनि नौ हजारभन्दा महिला एकल भएको डब्लुएचआरको अध्ययनले बताउँछ । पछिल्लो समय सम्बन्धविच्छेदको तथ्याङ्क उच्च हुँदा पनि एकल महिलाको संख्या बढ्दै गएको अधिकारकर्मी पाण्डे बताउनुहुन्छ ।

एकल महिलाको संख्या आकासिँदै गर्दा उहाँहरुले सम्मानजनक र न्यायोचित जीवनयापन गर्ने वातावरण राज्यले दिन नसकेको राष्ट्रिय महिला आयोगकी अध्यक्ष पराजुलीको बझ्ुाइ छ । उहाँले एकल महिलाले समाजमा आत्मसम्मानका साथ बाँच्ने वातावरण मिलाउने दायित्व परिवारसँगै राज्यको पनि हो । राज्यलाई पटकपटक एकल महिलाका लागि बनाएका कानुन कार्यान्वयन गराउन सिफारिस गरिरहेको तर परिणाम प्रभावकारी नआएको बताउनुहुन्छ । "एकल महिला सुरक्षा कोष मात्रै कार्यान्वयन हुन सके पनि धेरै एकल महिलाले राहत पाउने थिए", उहाँले भन्नुभयो ।रासस

# समानुपातिक प्रणालीलाई बलियो बनाउनुपर्नेमा सांसदहरुको जोड

काठमाण्डु । संविधानको मर्मअनुरुप समानुपातिक प्रणालीलाई बलियो बनाउनुपर्नेमा सांसद तथा सरोकारवालाहरुको जोड रहेको छ । प्रतिनिधिसभाअन्तर्गत महिला तथा सामाजिक मामिला समितिको विहिबार बसेको बैठकमा उहाँहरुले समानुपातिक समावेशीताको स्तर कमजोर भएकोमा चिन्ता व्यक्त गर्नुभयो ।

बैठकमा 'राज्यको मूलप्रवाहमा आदिवासी जनजाति समुदायको समावेशीताको अवस्था र यस सम्बन्धमा आदिवासी जनजाति आयोग र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानले खेल्दै आएको भूमिका' विषयक छलफल भएको थियो । उक्त छलफलमा आदिवासी जनजातिको सामाजिक, सांस्कृतिक र राजनीतिक अवस्थाबारे चर्चा गरिएको थियो ।

समितिका सभापति किरणकुमार साहले राज्यलाई समावेशी बनाउन सधैँ एकमत रहेको बताउँदै आदिवासी जनजाति आयोगको अहम भूमिका रहने बताउनुभयो ।

आयोगले सरकार समक्ष सिफारिस गर्ने मात्रै नभई कार्यान्वयनसमेत गर्न जोड दिनुपर्ने उहाँले बताउनुभयो। बैठकमा



आदिवासी जनजाति आयोग र आदिवासी जनजाति राष्ट्रिय उत्थान प्रतिष्ठानको काम कारबाहीबारे प्रकाश पारिएको थियो। आयोगका सचिव नुरहरि खतिवडाले प्रतिवेदन प्रस्तुत गर्नुभयो । प्रतिष्ठानका योजना अधिकृत दिवस राईले प्रतिष्ठानको कार्य प्रगतिबारे जानकारी गराउनुभयो ।

> आयोगका अध्यक्ष रामबहादुर थापाले विसं २०६३ देखि २०७९ सम्मको निर्वाचन समीक्षा गर्दा समानुपातिक समावेशीताको स्तर आरोलो लाग्ने क्रममा रहेको उल्लेख गर्नुभयो ।

आयोगका अध्यक्ष रामबहादुर थापाले विसं २०६३ देखि २०७९ सम्मको निर्वाचन समीक्षा गर्दा समानुपातिक समावेशीताको स्तर आरोलो लाग्ने क्रममा रहेको उल्लेख गर्नुभयो । आयोगले सरकारलाई बुझाएको प्रतिवेदनमा पनि विसं २०७४ को निर्वाचनपछि तीन प्रतिशतले समावेशीता घटेको उल्लेख छ । "समावेशी भए जस्तो देखिन्छ, वास्तवमा तथ्याङ्क नियाल्ने हो भने पछिल्लो समय घट्दै गएको छ", उहाँले भन्नुभयो । प्रतिष्ठानका योजना अधिकृत राईले आदिवासी जनजातिको अवस्था उकास्न राज्यले अंश बनाएर पर्याप्त स्रोत नदिएको गुनासो गर्नुभयो । उहाँले सीमित स्रोतसाधनमा जनजाति समुदायको आर्थिक, सामाजिक, संस्कृति जोगाउन अर्थपूर्ण कार्यसम्पादन गरेको जिकिर गर्नुभयो । "आदिवासी जनजातिको जीवित सङ्ग्रहालय बनाउन प्रतिष्ठान लागि परेको छ", उहाँले भन्नुभयो, "भाषा, कला र साहित्य संस्कृति जर्गेनामा लगानी गरेको छ ।" प्रतिष्ठानको अनुसन्धान तथ्याङ्कअनुसार राना थारु ६० र हुम्लीको सङ्ख्या ६१ पुगेको छ ।

थप लोपोन्मुख जनजाति समुदायको खोजी र अनुसन्धान गर्न बाँकी रहेको राईले बताउनुभयो। आयोग र प्रतिष्ठानमा पर्याप्त बजेट अभावका कारण अनुसन्धानमूलक कार्य गर्न कठिन भएको उहाँको भनाइ थियो । आयोगले आदिवासी जनजातिको समस्या सम्बोधन गर्न आदिवासी जनजाति मन्त्रालय हुनुपर्ने मागसमेत राख्दै आएको छ ।

बैठकमा सांसदहरु माया राई, कल्पना मिया, सरस्वती बजिमय, ईश्वरबहादुर रिजाल, हर्कमाया विश्वकर्मा, शान्ती श्रेष्ठ, शोभा ज्ञवालीलगायतले आदिवासी जनजातिको उत्थानका विषयमा र समानुपातिक समावेशी राज्य बनाउने कुरामा जोड दिनुभएको थियो ।रासस

# सूचना प्रविधि क्षेत्रमा ठूलो सम्भावना छ : वर्षमान पुन

काठमाण्डु । नेकपा (माओवादी केन्द्र) का उपमहासचिव एवं पूर्वअर्थमन्त्री वर्षमान पुनले नेपालमा सूचना प्रविधि क्षेत्रमा ठूलो सम्भावना रहेको बताउनुभएको छ ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन नेपाल (प्याब्सन) ले विहिबार भक्तपुरको ठिमीमा आयोजना गरेको कार्यक्रममा उहाँले नेपालको भूपरिस्थितिका कारण अरु क्षेत्रमा भन्दा सूचना प्रविधि क्षेत्रमा विश्व बजारमा प्रतिस्पर्धी बन्न सक्ने बताउनुभयो ।देश विकासको नीति बनाउँदा भूपरिस्थितिलाई ध्यान दिनुपर्नेमा जोड दिँदै उहाँले गत आर्थिक वर्षमा नेपालबाट रु एक खर्ब बराबरको आइटी सेवा निर्यात भएको तथा नेपाली श्रम बजारमा हरेक वर्ष १० हजार सूचना प्रविधि विषय अध्ययन गरेका विद्यार्थी थपिने अवस्था रहेको जानकारी दिनुभयो ।

"हामी करिब डेढ अर्बको विशाल जनसंख्या र विशाल भूगोल भएका चीन र भारतको बीचमा छौँ । यस्तोमा हामीले प्रतिस्पर्धा गर्न सक्ने क्षेत्र भनेको आइटीमा हो", उहाँले भन्नुभयो, "आइटी क्षेत्रको सेवा विश्व बजारमा पठाउन हामीलाई न भारत न चीनको आकाश प्रयोग गर्नुपर्छ । न समुद्र प्रयोग गर्नुपर्छ ।" प्रतिस्पर्धी बन्न सक्ने देखेरै आफूले नयाँ आर्थिक वर्षको बजेटमा आफूले सूचना प्रविधि क्षेत्रलाई प्रवर्द्धन गर्ने कार्यक्रम ल्याएको उल्लेख गर्दै पूर्वअर्थमन्त्री पुनले सूचना प्रविधिपछि कृषि, पर्यटन, जलविद्युत् र सिमेन्ट उद्योगले क्षेत्रीय बजारमा प्रतिस्पर्धा गर्न सक्ने बताउनुभयो ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारले १५ वर्षअघि



जलविद्युत् क्षेत्रको लगानीको स्रोत नखोज्ने र १५ वर्षसम्म लगातार आयकर नलिने नीतिगत व्यवस्था गरेका कारण आज मुलुक लोडसेडिङ मुक्त भएको तथा भारत र बङ्गलादेशको क्षेत्रीय बजारमा उपस्थिति जनाउन सक्ने अवस्था आएको पूर्वअर्थमन्त्री पुनको भनाइ छ। उहाँले निजी क्षेत्रलाई राज्यले अर्थतन्त्रको ड्राइभिङ सिटमा राख्नेपर्ने बताउनुभयो । उहाँले राज्यले सहजीकरण गर्ने र निजी क्षेत्रले ड्राइभिङ सिटमा राखेर मात्र मुलुकको अर्थतन्त्रमाथि जान सक्ने औँल्याउनुभयो ।

"सरकारमा रहँदा वा नरहँदा मेरो धारणा के हो भने 'प्राइभेट सेक्टर' लाई ड्राइभिङ सिटमा राखेर हामीले देशको अर्थतन्त्रलाई अगाडि बढाउनुपर्ने भन्ने धारणा रहँदै आएको छ । यसको विकल्प छैन," पूर्वअर्थमन्त्री पुनले भन्नुभयो, "जति प्रतिस्पर्धी अर्थतन्त्र बनाउँछौँ । प्राभइेट सेक्टर अगाडि बढ्छ र त्यसले ड्राइभ गर्छ, राज्यले सहजीकरण गर्छ । योबाहेक कुनै पनि राजनीतिक दलले सोच्न हुन्छ जस्तो मलाई लाग्दैन ।" फरक प्रसङ्गमा मुलुकको राजनीतिले अझै स्थायित्वको बाटो पक्रन नकेको स्वीकार गर्दै उहाँले राजनीतिक सङ्क्रमणको प्रभाव शिक्षा, स्वास्थ्य, अर्थतन्त्र, सामाजिक क्षेत्र र जनजीवनमा पर्ने गरेको बताउनुभयो ।रासस

# वर्षभरि मेलम्चीको पानी वितरण गर्न मन्त्री यादवद्वारा निर्देशन

काठमाण्डु । खानेपानीमन्त्री प्रदीप यादवले मेलम्ची खानेपानी आयोजनाको पानी वितरणलाई प्राथमिकता दिने प्रतिबद्धता जनाउनुभएको छ ।

विहिबार काठमाडौँ उपत्यका खानेपानी लिमिटेडअन्तर्गत आयोजना कार्यान्वयन निर्देशनालयको काठमाडौँ उपत्यका खानेपानी तथा सरसफाइ आयोजना, मेलम्ची उपआयोजना-२ बारे जानकारी लिने क्रममा उहाँले उक्त प्रतिबद्धता जनाउनुभएको हो ।उहाँले भन्नुभयो, "हामीले काममार्फत मेलम्ची खानेपानी आयोजनासम्बन्धी सिर्जित गलत भाष्य चिर्नुपर्छ र जनतालाई मेलम्चीको पानी बाह्रै महिना कसरी पु-याउन सकिन्छ त्यसतर्फ दिन रात नभनी काम गर्नुपर्छ । यसका लागि म प्रतिबद्ध छु ।"

मन्त्री यादवले काठमाडौँ उपत्यकामा खानेपानी वितरण प्रणाली सुधार र फोहर पानी व्यवस्थापन आयोजनाको प्रगति तथा सञ्चालनमा रहेका कार्यक्रमबारे जानकारी लिनुभएको थियो । उहाँले मन्त्रालयको प्राविधिक र प्रशासनिक कार्यबारे जानकारी लिँदै जनताको गुनासो ध्यानमा राखी मन्त्रालयका कर्मचारीसँग मिलेर काम गरिरहेको जानकारी दिनुभयो ।

उहाँले स्थानीय सरकारसँग समन्वयको आवश्यकता औँल्याउँदै काठमाडौँ महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतसँग टेलिफोनमा छलफल भएको उल्लेख गर्नुभयो । काठमाडौँ उपत्यका खानेपानी लिमिटेडका विषयमा प्राप्त गुनासोले आफू गम्भीर रहेको बताउँदै उहाँले कर्मचारीलाई उच्च मनोबलका साथ काम गर्न आग्रह गर्नुभयो । "म पार्टीभन्दा जनताको मन्त्री हुँ, मेरो पहिलो प्राथमिकता जनताको समस्या समाधान गर्नु हो", उहाँले भन्नुभयो, "मेलम्चीको मुहान सार्ने काम र वर्षभरि काठमाडौँका बासिन्दालाई खानेपानी पु-याएर देखाउनुपर्छ ।"रासस

# 'सुर्तीजन्य पदार्थमा कर वृद्धि गर्न सकिएन'

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले सुर्तीजन्य पदार्थमा कर वृद्धि गर्न नसकिएको बताउनुभएको छ ।

प्रतिनिधिसभाअन्तर्गत उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको विहिबार बसेको बैठकमा उहाँले भन्नुभयो, "अरु मुलुकमा सुर्तीजन्य पदार्थमा ७५ प्रतिशतभन्दा माथि कर लगाएका छन् तर हामीले ती मुलुकका अभ्यास अवलम्बन गर्न सकेका छैनौँ ।

सुर्तीजन्य पदार्थको प्रयोगले स्वास्थ्यमा असर गर्ने भएकाले यसलाई निरुत्साहित गर्न जरुरी छ। यसलाई विशेष प्राथमिकताका साथ न्यूनीकरण गर्न राज्यको नीति आवश्यक छ ।

"सुर्ती, खैनी तथा गुट्खा उद्योगको पुँजी तथा क्षमता वृद्धि सम्बन्धमा भएको छलफलमा मन्त्री भण्डारीले सुर्तीजन्य



उद्योगले रोजगारी दिइरहेको, यस क्षेत्रबाट राजस्व बढी प्राप्त भएकाले तत्काल उद्योग बन्द गर्न नसकिए तापनि यसको प्रयोग कम गर्न सचेतना तथा कर वृद्धि गर्न सकिने बताउनुभयो ।

समितिको बैठकमा चिनी उद्योग तथा उखु किसानका समस्या समाधान सुझाव उपसमितिका संयोजक कृष्णकुमार श्रेष्ठले प्रतिवेदन पेस गर्नुभयो । त्यसैगरी स्पञ्ज आइरन, विलेट्सको भन्सार महशुल, अन्तःशुल्क तथा उद्योगको अध्ययन अनुगमन उपसमितिका संयोजक रेखा यादवले प्रारम्भिक प्रतिवेदन पेस गर्नुभयो ।

समितिले नेपालमा खैनी, गुट्खाजस्ता सुर्तीजन्य उद्योगलाई आवश्यक कच्चापदार्थ आयात तथा निर्यातको विवरण आपूर्ति मन्त्रालयबाट माग्ने निर्णय भएको समितिका सभापति अब्दुल खानले जानकारी गराउनुभयो ।

चुरोटमा प्रयोग हुने फ्लेभर, क्याप्सुल तथा ट्याबलेटजस्ता नसालु पदार्थका कारण क्यान्सर जस्तो गम्भीर रोग लाग्ने भएकाले यस्ता पदार्थको उत्पादन, आयात तथा प्रयोग निरुत्साहित गर्न आपूर्ति मन्त्रालयलाई निर्देशन दिने, नेपालमा आयात हुने सुपारीलाई 'काउन्टर भ्यालिङ ट्याक्स' लगाइ सोबापतको रकम किसानलाई प्रोत्साहनस्वरुप उपलब्ध गराउन अर्थ मन्त्रालयलाई निर्देशन दिने निर्णय समितिले गरेको छ ।

झापा, सुनसरी र मोरङको स्थलगत अनुगमनपश्चात् पेस गरिएको प्रतिवेदन परिमार्जनसहित सर्वसम्मतिले पारित गर्ने, चिनी उद्योग तथा उखु किसानका समस्या समाधान सुझाव उपसमितिको प्रतिवेदन पारित गर्ने निर्णय बैठकले गरेको छ ।रासस

# मुलुकलाई अप्ठ्यारो पर्दा कांग्रेस एमाले सँगसँगै : सञ्चारमन्त्री

काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले देश र व्यवस्थालाई अप्ठ्यारो पर्दा कांग्रेस-एमाले एक ठाउँमा उभिने गरेको बताउनुभएको छ ।

सिंहदरबारस्थित मन्त्रालयमा विहिबार लमजुङका एमालेका नेता कार्यकर्ताको बधाई तथा शुभकामना ग्रहण गर्दै मन्त्री लागि सबै राजनीतिक दल मिलेर अघि बढ्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

"प्रतिपक्षमा बसेको माओवादी केन्द्रको पनि सहमतिका आधारमा सबै राष्ट्रिय समस्याको समाधान गर्नुपर्छ", उहाँले भन्नुभयो ।

सञ्चारमन्त्री गुरुङले अहिले बेजेट आइसकेकाले



गुरुङले २०४६ सालमा पञ्चायत फाल्न, २०६२-०६३ सालमा राजतन्त्र फाल्न र २०७२ मा गणतान्त्रिक संविधान बनाउन पनि कांग्रेस-एमाले एकै ठाउँमा उभिएका बताउनुभयो । उहाँले अहिले मुलुक राष्ट्रिय स्वतन्त्रता र स्वाधीनताको हिसाबले कमजोर भएको कारण कांग्रेस-एमाले एक ठाउँमा उभिनु परेको बताउनुभयो । धेरै ठूलो अपेक्षा नगर्न आग्रह गर्नुभयो । यस वर्ष ट्र्याकबाट बाहिर गएको अर्थतन्त्रलाई ठीक बाटोमा ल्याउनका लागि सरकारले काम गर्ने उहाँले बताउनुभयो । "सुखी नेपाली समृद्ध, नेपालको अभियानलाई साकार पार्ने कुरामा हामी लाग्छौँ", उहाँले भन्नुभयो ।

अहिलेको गठबन्धनलाई

> "
> अहिलेको गठबन्धनलाई जोगाएर मुलुकले खोजेको राजनीतिक स्थिरता दिने कुरामा आफूहरुको ध्यान जाने सञ्चारमन्त्री गुरुङले बताउनुभयो ।

ठूला राजनीतिक दल एकताबद्ध हुनु पर्ने स्थिति देशमा बनेको उहाँले धारणा राख्नुभयो । "राष्ट्रिय आवश्यकताले गर्दा हामी यो गठबन्धनमा सामेल छौँ", उहाँले भन्नुभयो ।

देशको अर्थतन्त्र धेरै जर्जर बन्दै गएको कारण विकास र समृद्धिका काम अहिले अवरुद्ध अवस्थामा रहेका गुरुङले बताउनुभयो । विकास, सुशासन, स्थिरता, संविधान परिवर्तनका जोगाएर मुलुकले खोजेको राजनीतिक स्थिरता दिने कुरामा आफूहरूको ध्यान जाने सञ्चारमन्त्री गुरुङले बताउनुभयो । राजनीतिक अस्थिरताका कारण अवसरवादी गठबन्धन भइरहेकाले त्यसलाई अन्त्य गरेर जनतामा टुटेको विश्वास फर्काउनका लागि आफूहरूले सकेको काम गर्ने उहाँले प्रतिबद्धता व्यक्त गर्नुभयो ।रासस

# राजनीतिक भागबन्डाका आधारमा नियुक्ति हुनुहुँदैन: सभापति लामिछाने

काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) सभापति रवि लामिछानेले राज्यका विभिन्न निकायमा राजनीतिक भागबन्डाका आधारमा नियुक्ति हुने संस्कारको अन्त्य हुनुपर्नेमा जोड दिनुभएको छ ।

रास्वपाले विहिबार आयोजना गरेको 'नीति मन्थन' अन्तरक्रियामा उहाँले राजनीतिक नियुक्तिको प्रभावलाई अन्त्य गर्न स्वायत्त निकायको स्थापना र स्वतन्त्र रुपमा काम गर्न सक्ने योग्य विज्ञ व्यक्तिको नियुक्ति हुनुपर्नेमा जोड दिनुभयो ।

रास्वपाको अर्थनीति विभाग र उद्योग तथा वाणिज्य विभागद्वारा आयोजित अन्तर्क्रियामा पूर्वउपप्रधान एवं गृहमन्त्री लामिछानेले राज्यका विभिन्न निकायमा हुने राजनीतिक नियुक्तिले मुलुकको सुशासनमा प्रभाव पर्ने धारणा राख्नुभयो । रास्वपाले कार्यकर्ता र भातृसंस्थाको भारी नबोक्ने स्पष्ट पार्दै उहाँले पार्टीभित्रै योगदान दिएका आधारमा नियुक्ति माग्ने प्रवृतिको अन्त्य हुनुपर्छ भन्नुभयो ।

क्रेडिट रेटिङ एजेन्सीबारे चर्चा गर्दै सभापति लामिछानेले रु ५० करोडभन्दा माथिको कर्जा रेटिङ गर्ने एजेन्सीहरुको नियमनमा ध्यान दिनुपर्नेमा जोड दिनुभयो । "यी रेटिङ एजेन्सीलाई कसले हेर्ने ? त्यसको नियमन गर्ने निकाय को ? यस्ता एजेन्सीमा केही सीमित घराना हावी छन्", उहाँले भन्नुभयो । त्यस अवसरमा प्रतिनिधिसभा सदस्य एवं रास्वपाको उपसभापति स्वर्णीम वाग्लले विदेशी मुद्राको सञ्चितिको सदुपयोगमा गर्नुपर्नेमा जोड



दिनुभयो । उहाँले वित्तीय नियमनलाई समयअनुकूल बनाउनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले आधुनिक विश्वमा डिजिटल मुद्रा जस्तै पैसाप्रतिको अवधारणा र यसको नियमनलाई नयाँ शिराबाट बहस हुनुपर्ने आवश्यकता औँल्याउनुभयो । उहाँले केन्द्रीय बैंकको डिजिटल मुद्रा (सिबिडिसी)को भविष्यमा नेपालमा प्रयोगको सम्भावना र तयारीबारे समेत सचेत गराउनुभयो ।अन्तर्क्रियामा आउँदै गरेको मौद्रिक नीतिबारे बहस गरिएको थियो । रासस

# सेवालाई चुस्त र प्रभावकारी बनाउने पर्यटनमन्त्री पाण्डेको प्रतिबद्धता

काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले मन्त्रालय मातहतको सेवालाई चुस्त र प्रभावकारी बनाउने प्रतिबद्धता जनाउनुभएको छ ।

मन्त्रालयमा विहिबार सञ्चारकर्मीसँगको अन्तरक्रियामा उहाँले मन्त्रालय र मातहत निकायको अवस्थाबारे आफूले अध्ययन र सरोकारवाला पक्षसँग छलफल गरिरहेको भन्दै नतिजामुखी काममा केन्द्रित हुने विश्वास व्यक्त गर्नुभयो ।

"छलफलमा आएका सुझाव मन्त्रालयको रणनीति तय गर्न मद्दत पुग्ने विश्वास लिएको छ", उहाँले भन्नुभयो, "पर्यटन क्षेत्रका समस्या र समाधानबारे आएको सुझावलाई मनन गर्दै आगाम दिनमा पनि यस प्रकारका छलफललाई निरन्तरता दिइनेछ ।"पर्यटनमन्त्री पाण्डेले अहिलेको पुस्ताले मुलुक नबनाउने हो भने कसले बनाउछ भन्दै मुलुक सामु आइपरेका चुनौतीलाई समाधान गर्दै मुलुकलाई आर्थिक विकास र समृद्धिको दिशामा अगाडि



बढाउन सबै पक्षबीच समन्वय र सहकार्यका साथ अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो ।

पर्यटनमन्त्री पाण्डेले पर्यटन क्षेत्रका जल्दाबल्दा समस्यालाई सरोकारवालासँग छलफल र समन्वयका साथ समाधान गर्दै दिगो पर्यटन विकासका लागि मन्त्रालय लाग्ने उहाँको भनाइ थियो । उहाँले कसैसँग पनि नबहकिकन साच्चिकै मन्त्रालय र देशको हितमा लाग्न प्रमाणित गरेर देखाउने अठोटका साथअघि बढेको उल्लेख गर्नुभयो ।छलफलमा सहभागी सञ्चारकर्मीले पर्यटन दशक कार्यक्रम कार्यान्वयन गर्न, नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) को सेवा चुस्त र प्रभावकारी बनाउन र नेपाल पर्यटन बोर्डलाई अन्तर्राष्ट्रिय बजारीकरणमा खरो रुपमा उत्रनका लागि नीतिगत र संरचनागत सुधार गर्न सुझाएका थिए ।रासस

# भारतको इन्फोसिसको नाफा अनुमानभन्दा बढी



एएफपी

बेङ्गलुरु ।भारतीय आइटी (सूचना प्रविधि) कम्पनी इन्फोसिसले जुनमा समाप्त हुने त्रैमासिकमा शुद्ध मुनाफामा सात दशमलव एक प्रतिशतको वार्षिक वृद्धि हासिल गरेको छ। यसले ग्राहक खर्चमा क्रमिक पुनरुत्थानको सङ्केत गरेको छ।

भारतको दोस्रो सबैभन्दा ठूलो सफ्टवेयर सेवा निर्यातक इन्फोसिसले आफ्नो राजस्वको ८० प्रतिशतभन्दा बढी पश्चिमी बजारहरूबाट कमाउँछ ।विशेषज्ञ अनुमानहरूलाई पछि पार्दै कम्पनीले यस त्रैमासिकमा ७६ करोड १३ लाख डलरको शुद्ध मुनाफा कमाएको छ। वार्षिक राजस्व तीन दशमलव छ प्रतिशतले बढेर चार अर्ब ७० करोड डलर पुगेको छ। इन्फोसिसले चालु आर्थिक वर्षका लागि स्थिर-मुद्रा राजस्व निर्देशनलाई तीनदेखि चार प्रतिशतसम्म बढाएको छ। यो यसअघिको एकदेखि तीन प्रतिशतको पूर्वानुमानभन्दा बढी हो।

“सबै भूगोल र अधिकांश उद्योग समूह क्रमिकरूपमा बढेका छन्”, कम्पनीका प्रमुख कार्यकारी सलिल पारेखले पत्रकारहरूसँग भन्नुभयो, “धेरै त्रैमासिकपछि भोल्युम वृद्धि सकारात्मक भएको छ, हामीसँग ठूला सम्झौता जितहरूको अर्को बलियो त्रैमासिक थियो, यसमा चार अर्ब १० करोड डलरको कूल अनुबन्ध मूल्यमा ३४ वठा ठूला सम्झौता थिए।

”उहाँले इन्फोसिसले संयुक्त राज्य अमरिकामा आफ्नो वित्तीय सेवा शाखाका लागि ‘सुधारको सुरआती सङ्केत’ देखिरहेको बताउनुभयो।

महामारीका कारण मागमा भएको उछाल देखेलगत्तै मुद्रास्फीति र विश्वव्यापी अनिश्चितताले पश्चिमी ग्राहकहरूले प्रविधि खर्चमा कटौती गर्नुपरेपछि भारतको दुई खर्ब ५४ अर्ब डलरको आइटी क्षेत्रको हिस्सा इन्फोसिसले द्रुत वृद्धिमा मन्दीको सामना गर्नुपर्यो। मन्दीले आइटी क्षेत्रमा निर्भर हजारौँ भारतीय युवा इन्जिनियर स्नातकहरूको नोकरीको सम्भावनालाई कमजोर बनायो।

तीन लाखभन्दा धेरै कर्मचारी भएको इन्फोसिसले गत वर्ष ग्राहकहरूको माग घटेका कारण क्याम्पस हायरिङलाई अस्थायीरूपमा रोकेको थियो।

मार्च ३१ सम्मको १२ महिनामा कम्पनीको कूल कर्मचारीको सङ्ख्यामा करिब २६ हजारले घटेको छ। ग्राहकको माग बढ्नेबारे आफ्नो उत्साहित आकलनका बाबजुद कम्पनीले जुनमा समाप्त हुने त्रैमासिकमा करिब दुई हजार कर्मचारी कटौती गरेको छ।

आम्दानीको घोषणाअघि बिहीबार मुम्बईमा कारोबारको अन्त्यमा इन्फोसिसको सेयर एक दशमलव ८५ प्रतिशतले बढेर बन्द भएको छ।

# अष्ट्रेलियाको बेरोजगारी दरमा वृद्धि

सिन्ह्वा

क्यानबेरा ।अष्ट्रेलियाको बेरोजगारी दर जून महिनामा बढेर ४.१ प्रतिशत पुगेको छ। यस अघि मे महिनामा बेरोजगारी दर ४.० प्रतिशत रहेको अस्ट्रेलियन ब्युरो अफ स्ट्याटिस्टिक्स (एबीएस) ले बिहीबार प्रकाशित गरेको आधिकारिक श्रम बलको तथ्याङ्कले देखाएको छ।

तथ्याङ्क अनुसार गत मे - जुन महिनाको बिचमा कार्यरत अस्ट्रेलियालीको सङ्ख्या ५० हजार २०० ले बढेको थियो ।

सोही अवधिमा बेरोजगार रहेको एबीएसका श्रम तथ्याङ्क प्रमुख ब्योर्न जार्विसले विज्ञप्ति मार्फत उल्लेख गर्नु भयो। समग्रमा अस्ट्रेलियामा छ लाख आठ हजार २०० बेरोजगार व्यक्तिहरू जुन महिनामा सक्रिय रूपमा काम खोज्दै गरेको जार्विसले जनाउनु भयो। यसै गरी बेरोजगारहरु सन् २०२२ अक्टोबरमा चार लाख एक हजारले बढेता पनि कोभिड-१९ महामारीको तुलनामा एक लाख मानिस कम रहेको उहाँले उल्लेख गर्नु भयो।

बेरोजगारी दर गत वर्ष जुन महिनाको तुलनामा ०.५ प्रतिशत बढी र सन् २०२०



अस्ट्रेलियालीको सङ्ख्या पनि नौ हजार ७०० ले बढ्दा बेरोजगारीदर वृद्धि भएको हो ।सहभागिता दरले काम गर्ने उमेरका अष्ट्रेलियालीको अनुपात मापन गर्दछ,। जसको सङ्ख्या मे महिनामा ६६.८ प्रतिशतबाट बढेर जूनमा ६६.९ प्रतिशत पुगेको छ ।

जुन महिनामा सहभागिता दर सन् २०२३ नोभेम्बरमा ६७.० प्रतिशतको ऐतिहासिक उच्च भन्दा ०.१ प्रतिशत मात्र कम मार्च को तुलनामा १.१ प्रतिशतले कम रहेको उहाँले जनाउनु भएको छ। एबीएसको तथ्याङ्क अनुसार अस्ट्रेलियालीले काम गर्ने घण्टाको सङ्ख्या मे -जुन महिनाको बिचमा ०.८ प्रतिशतले बढेको छ। बिरामी भएकाले ४.५ प्रतिशत अष्ट्रेलियालील जून माहिनामा सामान्य समयको जस्तो काम गर्न नसकेको जार्विसले बताउनु भएको छ।

# दक्षिण एसियाली करातेमा नेपाललाई स्वर्ण



काठमाण्डु । भुटानको थिम्पूमा विहिबारदेखि सुरु आठौँ दक्षिण एसियाली कराते प्रतियोगितामा नेपाललाई आठ स्वर्ण प्राप्त भएको छ।

प्रतियोगिताको पहिलो दिन नेपाललाई स्वर्ण दिलाउन सफल खेलाडीहरु सिनियर महिला एकल कातातर्फ एलिसा रास्कोटी मगर, पुरुष एकल कातामा स्वर्णिम मानन्धर र महिला-२१ वर्षतर्फ सन्जु देशार र पुरुष क्याडेटतर्फ रेहान जावेद रहे।

एलिसाले सेमिफाइनलमा भुटान र फाइनलमा भारतलाई पराजित गरिन् भने स्वर्णिमले सेमिफाइनलमा श्रीलङ्का र फाइनलमा भारतलाई पराजित गरेका थिए। सन्जुले फाइनलमा भुटानलाई पराजित गरिन् भने रेहानले भारतलाई पराजित गरी नेपाललाई स्वर्ण पदक दिलाए। त्यसैगरी जुनियर पुरुष कातातर्फ भने नेपालका अमृत थोकर भारतसँग पराजित हुन पुगे र जुनियरतर्फ महिला एकल कातामा फाइनलमा श्रीलङ्कासँग पराजित भई नेपालकी रेनिशा रिमालले रजत पदकमा चित्त बुझाइन।

त्यसैगरी सिनियर महिला र पुरुष टिम काता, जुनियर महिला तथा पुरुष टिम कातामा स्वर्ण पदक हात पारेको नेपाल कराते महासङ्घका मिडिया संयोजक गजेन्द्रबहादुर खपाङ्गीले जानकारी गराउनुभयो।

यसअघि प्रतियोगिताको औपचारिक उद्घाटन भुटानका राजकुमार टासु जिगेलले एक विशेष समारोहका बीच गर्नुभएको थियो।

भुटानसहित नेपाल, भारत र श्रीलङ्का सहभागी रहेको उक्त प्रतियोगिताको उद्घाटन समारोहमा नेपालका तर्फबाट नेपाल ओलम्पिक कमिटीका महासचिव निलेन्द्रराज श्रेष्ठ, नेपाल कराते महासङ्घका अध्यक्ष युवराज लामा, महासचिव दावा गुरुङ, उपाध्यक्ष मजिन्द्र सिंह, महासङ्घका सदस्यहरु, वरिष्ठ प्रशिक्षकहरु, टिम प्रशिक्षकहरु, पदाधिकारीलगायत करिब एक दर्जन अफिसियलको सहभागी रहेको प्रवक्ता गजेन्द्रबहादुर खपाङ्गीले जानकारी दिनुभयो ।रासस

# समलिङ्गी दम्पतिहरुका लागि वैवाहिक बिमा सम्बन्धी अधिकार सुनिश्चित

एएफपी

सियोल । दक्षिण कोरियाको सर्वोच्च अदालतले बिहीबार समलिङ्गी जोडीहरूको नयाँ अधिकारलाई मान्यता दिँदै राज्यले समलिङ्गी दम्पतिहरुलाई स्वास्थ्य बिमा उपलब्ध गराउनुपर्ने ऐतिहासिक फैसला सुनाएको छ।

सन् २०२१ मा राष्ट्रिय स्वास्थ्य बीमा संस्था (एनएचआईएस) ले समलिङ्गी जोडी भएकै कारण आश्रितको रुपमा आफ्नो जीवनसाथीले प्राप्त गर्ने लाभहरु समाप्त गरेपछि सन् २०१९ मा विवाह गरेर सँगै बस्दै आएका एक समलिङ्गी जोडी सो सेओङ-वुक र किम योङ-मिनले संस्था विरुद्ध मुद्धा दायर गरेका थिए ।गत वर्षको सियोल उच्च अदालतले एनएचआईएसलाई उनीहरुको आश्रित लाभहरू पुनर्स्थापित गर्न आदेश दिँदै दम्पतीको पक्षमा फैसला सुनाएको थियो। समलिङ्गी विवाहलाई मान्यता नदिएको दक्षिण कोरियामा यो विवाहको कुनै कानुनी वैधता भने छैन। उच्च अदालतको यस फैसला विरुद्ध एनएचआईएसले सर्वोच्च अदालतमा पुनरावेदन दायर गरेको हो।



“समलिङ्गी भएकै कारण जोडीहरुलाई बहिष्कार गर्नु यौनिक एवं लैङ्गिकतामा आधारित भेदभाव हो“, सर्वोच्च अदालतले फैसला सुनाएको छ। “यो एक भेदभावपूर्ण कार्य हो जसले मानव गरिमा र मूल्यमान्यता, खुशीको खोजी गर्ने अधिकार, गोपनीयताको स्वतन्त्रता र समानताको अधिकारको उल्लङ्घन गर्दछ।” “राष्ट्रिय स्वास्थ्य बीमाले समलिङ्गी जोडीहरूका लागि वैवाहिक बिमा सम्बन्धी व्यवस्थालाई मान्यता दिनुपर्छ”, सर्वोच्च अदालतले फैसला सुनाएको हो।

देशको सर्वोच्च अदालतबाट आएको यो फैसलामाथि पुनरावेदन गर्न मिल्दैन। यसको अर्थ समलिङ्गी दम्पतिले अब स्वास्थ्य बीमा गर्दा आफ्नो जीवनसाथीलाई आश्रितको रूपमा दर्ता गर्न सक्नेछन्। सर्वोच्च अदालतको फैसला देशको लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदायका लागि एक महत्वपूर्ण क्षण हो। सर्वोच्चको उक्त फैसलापश्चात इन्द्रेणी छाता बोकेका मानिसहरू खुशीका आँसु पुछ्दै अदालत बाहिर निस्किएका थिए।

देशले समलिङ्गी विवाहलाई मान्यता दिदैंन तर समलिङ्गी सम्बन्धलाई अपराधीकरण पनि गरेको छैन ।अधिकारकर्मीहरुले लामो समयदेखि यौनिक एवं लैङ्गिकता आधारमा हुने भेदभावविरुद्ध कानुन बनाउनुपर्ने कुरामा जोड दिँदै आएका छन्। तर सांसदहरू बीच सहमति हुन नसक्दा दक्षिण कोरियामा हालसम्म भेदभाव विरोधी कानून बन्न सकेको छैन।

# खेलकुदको विकासमा निरन्तर लाग्ने मन्त्री चौधारीको प्रतिबद्धता

काठमाण्डु। युवा तथा खेलकुदमन्त्री तेजुलाल चौधरीले खेलकुद क्षेत्रको विकासका लागि आफू निरन्तर खटिरहने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।



राष्ट्रिय खेलकुद परिषद् (राखेप)द्वारा विहिबार आयोजित स्वागत कार्यक्रममा खेलकुदमन्त्री चौधरीले खेलकुदको विकासका लागि राखेपका सदस्य-सचिव र सरोकारवालसँग छलफल गरेर अगाडि बढ्ने बताउनुभयो। उहाँले भन्नुभयो, “खेलकुद क्षेत्रलाई विकासको बाटोमा डोऱ्याउन सरोकारवालासँग टिम बनाएर अगाडि बढ्छु।”

वर्तमान सरकारको पहिलो मन्त्रिपरिषद् बैठकले तीन सय दिनमा कीर्तिपुर क्रिकेट मैदानमा आवश्यक पूर्वाधार तयार गर्ने निर्णय गरेको जानकारी गराउँदै उहाँले १०औँ राष्ट्रिय खेलकुदलगायत अन्य विषयमा चाँडै बोर्ड बैठक बसेर टुङ्ग्याउने बताउनुभयो। राखेपका उपाध्यक्ष शिव कोइरालाले मन्त्री चौधरीको लक्ष्यलाई पूरा गर्न राखेप टिम सहयात्री बनेर काम गर्ने विश्वास दिलाउनुभयो।

त्यसैगरी राखेपका सदस्य-सचिव टङ्कलाल घिसिङले आफ्नो कार्यकालमा भएका महत्त्वपूर्ण कार्य सङ्क्षिप्त रुपमा जानकारी गराउँदै पहिलोपटक खेलकुद बीमा लेख जारी गरिएको बताउनुभयो। उहाँले नेपाल खेलकुद विज्ञान प्रतिष्ठान (सान) लाई प्रभावकारी ढङ्गले अगाडि बढाइरहेको, उमेरसमूहलगायत विभिन्न प्रतियोगितामा जोड दिएको, कुन समुदायको कुन भूगोलको बच्चा कुन खेलका लागि उपयुक्त हुन्छ भन्ने विषयमा मसिनो ढङ्गले अध्ययन भएको बताउनुभयो ।रासस

# गाजा सङ्कटको राजनीतिक समाधानमा ध्यान केन्द्रित गर्न राष्ट्रसङ्घीय प्रमुखको आग्रह

**सिन्ह्वा**

संयुक्त राष्ट्रसङ्घ ।संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टोनियो गुटेरेसले गाजामा जारी सङ्कटको राजनीतिक समाधानमा जोड दिन आग्रह गर्नु भएको छ।

कब्जाको अन्त्य गरी अन्तर र्राष्ट्रिय कानून तथा राष्ट्रसङ्घका प्रस्ताव अनुरूप द्वन्द्व समाधान गर्ने राजनीतिक समाधान खोज्नमा पुनः ध्यान केन्द्रित गर्नुपर्ने राष्ट्रसङ्घका महासचिवका चिफ डे क्याबिनेट, कर्टेने रट्रेले सुरक्षा परिषद्मा गाजामथि भएको बहसमा संयुक्त राष्ट्रसङ्घ प्रमुखको तर्फबाट उल्लेख गर्नु भएको छ।



रट्रेले गाजाको गम्भीर परिस्थितिमना ध्यानाकार्षण गदै चलिरहेको द्वन्द्व अराजकताको विशेषता भन्दै बढ्दो क्षेत्रीय अस्थिरता र गाजामा संकटको बारेमा चिन्ता व्यक्त गर्नु भयो। पछिल्लो समयमा गाजामा इजरायली सैन्य कारबाही र लडाइँ तीव्र भएको भन्दै रट्रेले स्थितिबारे गम्भीर जनाकारी प्रदान गर्नु भयो। उहाँका अनुसार प्यालेस्टिनी सशस्त्र समूहले गाजाबाट इजरायली जनसङ्ख्या केन्द्रतर्फ रकेट प्रहार जारी राखेका छन् , राफाह भग्नावशेषमा परिणत छ भने राफाह क्रसिङ बन्द भएकाले मानवीय कार्यमा थप बाधा पुगी रहेको छ।

> हिंसा अन्त्य गर्ने प्रयासलाई तीव्र बनाउन र संलग्न सबै व्यक्तिको अधिकार र मर्यादालाई सम्मान गर्ने स्थायी समाधानका लागि काम गर्न संलग्न सबै पक्षलाई रट्रेले आह्वान गर्नु भयो ।

गाजामा बीस लाख मानिसहरु विस्थापन भएको उल्लेख गर्दै उहाँले गाजाको लगभग सम्पूर्ण जनसङ्ख्या त्रासदीको सिकार भएको उल्लेख गर्नु भएको छ ।सार्वजनिक व्यवस्थाको विच्छेद र क्षेत्रीय फैलावटको बढ्दो खतरालाई प्रकाश पार्दै, रट्रेले तत्काल मानवीय युद्धविराम ,सबै बन्धकको तत्काल बिना शर्त रिहाईको लागि राष्ट्रसङ्घको आह्वानलाई दोहोर्याउनु भयो।

उहाँले नागरिकको अस्तित्व र कल्याण सुनिश्चित गर्न सबै क्रसिङबाट मानवीय सहायताको निरन्तर पहुँचको आवश्यकतामा जोड दिनु भयो। रट्रेले सङ्कटलाई सम्बोधन गर्न तत्काल कारबाहीलाई जोड दिँदै मार्ग परिवर्तन गरी मानवता विरोधि गतिविधि तुरुन्तै बन्द हुनुपर्ने उल्लेख गर्नु भयो। इजरायली बस्तीमा अन्तर्राष्ट्रिय कानूनको स्पष्ट उल्लङ्घन र शान्तिका बाधाक जन्य कार्य भएको उल्लेख गर्दै उहाँले वैध प्यालेस्टिनी सरकार अन्तर्गत गाजामा शासन पुनःस्थापना गरी नेतृत्व गर्न प्यालेस्टिनी प्राधिकरणलाई बलियो बनाउन आह्वान गर्नु भयो।

संयुक्त राष्ट्रसङ्घ अन्तर्राष्ट्रिय कानुन र संयुक्त राष्ट्रसङ्घका प्रस्तावको पालना गरी दिगो शान्ति सम्झौतामाका लागि सबै प्रयास र समर्थन गर्न प्रतिबद्ध रहेको उहाँले प्रष्ट पार्नु भयो ।हिंसा अन्त्य गर्ने प्रयासलाई तीव्र बनाउन र संलग्न सबै व्यक्तिको अधिकार र मर्यादालाई सम्मान गर्ने स्थायी समाधानका लागि काम गर्न संलग्न सबै पक्षलाई रट्रेले आह्वान गर्नु भयो।

# मृत्यु अपरिहार्य छ : भारतीय प्रवचक

एएफपी

नयाँ दिल्ली । भारतमा आयोजित एक धार्मिक भेलामा भएको घातक भागदौडमा एक सय २० भन्दा बढी मानिसहरुको ज्यान गएको घटनाको समिक्षा गर्दै एक भारतीय प्रवचकले भाग्यलाई चुनौती दिन नसकिने र मृत्यु अपरिहार्य रहेको बताउनुभएको छ।

उत्तरी सहर हाथरसमा आयोजित हिन्दु धार्मिक सभामा जुलाई २ मा भएको भागदौडमा एक सय २१ जनाको मृत्यु भएपछी पहिलो पटक सञ्चारमाध्यमसमक्ष प्रस्तुत भएका प्रवचक भोलेबाबाले आफू यो त्रासदीबाट दुखी भएको बताउनुभयो।

“जे भयो त्यसबाट म धेरै दुखी छु, तर भाग्यलाई कसले चुनौती दिन सक्छ र ? जो कोही पनि यस पृथ्वीमा आउँछ उसले एक दिन जानैपर्छ” उहाँले भन्नुभयो ।प्रहरी कन्स्टेबलबाट प्रचारक बन्नुभएको बाबाले बुधबार भागदौड भएको स्थानबाट करिब ६० किलोमिटर टाढाको कासगञ्जमा रहेको धार्मिक मठबाट स्थानीय सञ्चारमाध्यमसँग कुरा गर्नुभएको हो।



बाबाका वकिलले यसअघि भिडमा रहेका असामाजिक तत्वहरु घटनाको जिम्मेवार रहेको बताएका थिए। प्रवचनमा २ लाख पचासँ हजार भक्तहरू उपस्थित थिए। यद्यपी ८० हजार जनालाई मात्र सहभागी गराउन पाइने अनुमति आयोजकहरुसँग थियो। मृत्यु भएका मध्ये अधिकांश महिला थिए । भागदौडपछि जारी गरिएको प्रहरी प्रतिवेदनका अनुसार उक्त कार्यक्रमका मुख्य आयोजकहरूलाई पक्राउ गर्न खोजिएको थियो, तर भोलेबाबालाई पक्राउ गर्न सकिएको थिएन।

> बाबाका वकिलले यसअघि भिडमा रहेका असामाजिक तत्वहरु घटनाको जिम्मेवार रहेको बताएका थिए ।

अहिलेसम्म उहाँका ११ जना स्वयंसेवकलाई भने पक्राउ गरिएको छ।

भारतमा धार्मिक जमघटहरूमा कमजोर भीड व्यवस्थापन र सुरक्षा त्रुटिहरूले गर्दा यस्ता घातक घटनाहरू सामान्य छन्।

सन् २००८ मा उत्तरी सहर जोधपुरको पहाडी मन्दिरमा भएको भागदौडमा २२४ तीर्थयात्रीको मृत्यु भएको थियो भने ४०० भन्दा बढी घाइते भएका थिए।

# सरकारी अस्पतालमै शल्यक्रिया मार्फत सुत्केरी हुनेको संख्या बढ्दै




काठमाण्डु । परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालमा शल्यक्रिया मार्फत् सुत्केरी हुनेको सङ्ख्या बढ्दै गएको छ । अस्पतालमा आर्थिक वर्ष २०७९/८०का तुलनामा आव २०८०/८१ मा चार प्रतिशत बढी शल्यक्रिया गरेर नवजात शिशु जन्माउने सुत्केरी बढेका हुन् । अस्पतालका निर्देशक डा श्रीप्रसाद अधिकारीका अनुसार आव २०८०/८१ मा ४३ प्रतिशत अर्थात् नौ हजार ६०० महिलाले शल्यक्रिया मार्फत् शिशु जन्माएका थिए । सो अवधिमा अस्पतालमा २२ हजार दुई सय ७० महिला सुत्केरी भएका थिए ।

आव २०७९/८० मा ३९ प्रतिशत महिलाले शल्यक्रिया मार्फत् शिशु जन्माएका थिए । उहाँले पहिलो पटक शल्यक्रिया गरेर शिशु जन्माएका आमाले दोस्रो पटक शिशु जन्माउदा पनि शल्यक्रिया गर्नुपर्ने, निःसन्तान भएका र प्रशव पीडा खप्न नसक्ने आमाको शल्यक्रिया गरेर बच्चा जन्माउने गरेको बताउनुभयो । यस्तै ढिलो उमेरमा शिशु जन्माउँदा जोखिम हुने भएकाले पनि शल्यक्रिया गर्ने अवस्था आउने निर्देशक डा अधिकारीले बताउनुभयो ।

उहाँले भन्नुभयो, "तर बिरामीको अवस्था अलि गम्भीर भयो भने मात्र शल्यक्रिया गरेर शिशु जन्माउँछौं ।"अस्पतालका निर्देशक डा अधिकारीले जनशक्तिको अभावले पनि सामान्य तरिकाले सुत्केरी गराउन नसकिएको बताउनुभयो । "विश्व स्वास्थ्य सङ्गठनको मापदण्ड अनुसार दुई जना बिरामी बराबर एक जना नर्स हुनुपर्दछ" उहाँले भन्नुभयो, "तर हामीकहाँ ४० बिरामी बराबर तीन नर्स कार्यरत छन् । त्यसैले हामीले जनशक्तिको अभावले पनि सामान्य तरिकाले सुत्केरी गराउन सकिरहेका छैनौं ।"रासस

# प्राकृतिक जीवाणु मलको माग बढ्यो

झापा । विर्तामोड नगरपालिका-२ चैतुबारीमा हाई हिमालयन अर्गानिक प्रालिले उत्पादन गरेको जीवाणु मलको माग बढ्न थालेको छ । प्रालिले थ्री स्टार ब्रान्डका चार प्रकारका प्राकृतिक जैविक मल उत्पादन गरिरहेको छ ।

यहाँबाट उत्पादित मलको प्रयोगले रासायनिक मलको आयातलाई प्रतिस्थापन गर्नाका साथै माटोको उर्वरा शक्तिलाई बढाउने हुँदा यसको माग बढेको प्रालिका अध्यक्ष प्रदीप घिमिरेले बताउनुभयो । उहाँका अनुसार कारखानाबाट पातमल, जरामल, धुलोमल र माछामल उत्पादन भइरहेको छ । यहाँ उत्पादित मल झापा, इलाम, सुनसरी र मोरङमा प्रयोग हुँदै आएको छ । दुई वर्षअघि करिब एक बिगाहा जमिन भाडामा लिएर रु ६० लाखको लागतमा सुरु गरिएको कारखानामा हाल रु तीन करोड बढी लगानी भइसकेको छ ।

स्थानीय व्यक्तिको सहयोगमा सञ्चालन गरिएको कारखानाबाट उत्पादन हुने पातमल, जरामल, धुलोमलको प्रयोगले बोटबिरुवालाई छिटो बढ्न, राम्रो उत्पादन दिन र बाली संरक्षक प्राङ्गारिक जीवाणुको रक्षा गर्ने उहाँले बताउनुभयो । माछामलले पोखरीमा माछाका लागि प्राकृतिक खाद्य पदार्थ बढाउन मद्दत गर्दै आएको छ ।जीवाणु प्रविधिमा आधारित यी मलको माग दिनानुदिन बढिरहेको जनाउँदै कारखानाका सञ्चालक घिमिरेले माटोमा




पहिले प्रयोग भएको रासायनिक मलको नकारात्मक असर हटाउन, जलवायु परिवर्तनका असर न्यूनीकरण गर्न र रोग कीराको प्रकोप नियन्त्रण गर्नसमेत यसले सहयोग पुऱ्याउने बताउनुभयो ।

महिनामा एक हजार मेट्रिक टन मल उत्पादन गर्न सक्ने क्षमताको कारखानाबाट विगत छ महिनादेखि व्यावसायिक उत्पादन सुरु भएको छ । कारखानाबाट एकपटकमा सय टन धुलो मल र महिनामा ६० देखि ७० हजार लिटर झोल मल उत्पादन हुँदै आएको छ । स्थानीयस्तरमा पाइने, झारपात, काठको धुलो, पिना, गाईको गोबर, गहुँतलगायतको कच्चापदार्थ यो मल बनाउन प्रयोग हुने गरेको अध्यक्ष घिमिरेले जानकारी दिनुभयो । हाई हिमालयनले कम्पोस्ट मल प्रतिकिलो रु ४० र झोलमल प्रतिलिटर रु ४० का दरले बिक्री गर्दै आएको छ ।

सरकारले जैविक मल उत्पादक उद्योगी र प्रयोगकर्ता किसानलाई प्रोत्साहन अनुदान दिँदै आएको छ । उहाँले जैविक मल उत्पादन गर्ने तरिका अध्ययनका लागि थाइल्यान्ड, फिलिपिन्स, डेनमार्क, बेल्जियमलगायत देशको भ्रमण गरिसकेको बताउनुभयो । "त्यहाँको अनुभव र प्रविधिलाई समेत हामीले यहाँ प्रयोगमा ल्याइरहेका छौँ", उहाँले भन्नुभयो । उहाँले सरकारले किसानलाई रासायिनक मलमा अनुदान दिने गरेको तर प्राकृतिक जैविक मललाई बेवास्ता गर्ने गरेको आरोप लगाउनुभयो । उहाँले सरकारले बेवास्ता गरे पनि किसानको मागलाई धान्नका लागि निकट भविष्यमै मेचीनगर, अर्जुनधारा, शिवसताक्षी नगरपालिका र बुद्धशान्ति गाउँपालिकामा समेत उद्योग सञ्चालनको तयारी रहेको बताउनुभयो ।

कृषि ज्ञान केन्द्रका प्रमुख सागर विष्टले जिल्लामा एक मात्र हाई हिमालयन अर्गानिक प्रालि मात्र जीवाणु मलको कारखाना रहेको बताउनुभयो । उहाँले विगतमा कारखाना स्थापनाका लागि सरकारले रु ४० लाख अनुदान समेत प्रदान गरेको जानकारी दिनुभयो ।

"प्राङ्गारिक मलको तुलनामा जीवाणु मल धेरै उत्तम र सस्तो हो", उहाँले भन्नुभयो, "यो मल पटकपटक प्रयोग गरिरहनुपर्दैन, यसले मोटोको गुणस्तर सुधार गर्ने र निरोगी बनाउने, लागत खर्च समेत घटाउँदै लैजाने गुण हुन्छ ।" उहाँका अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट नेपालको औद्योगिक विकासमा उल्लेखनीय योगदान पुऱ्याएकामा घिमिरले हालै रु दुई लाख नगद पुरस्कारसमेत पाउनुभएको छ ।रासस

# शेयर बजारमा उछाल

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज झण्डै ६० अङ्कले उकालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक ५९ दशमलव ६८ प्रतिशतले उकालो लागेर दुई हजार चार सय २४ दशमलव ३२ मा पुगेको छ । ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १६ दशमलव ३७ अङ्कले उकालो लागेर चार सय ३६ दशमलव १४ मा पुगेको छ ।

नेप्सेका अनुसार कुल तीन करोड ९९ लाख ३८ हजार दुई सय ३७ कित्ता शेयर रु १८ अर्ब ५४ करोड ८८ लाख सात सय ३८ मा कारोबार भयो । नेपाल इन्भेष्टमेन्ट मेघा बैंक, नेपाल फाइनान्स लिमिटेड, आँखुखोला जलविद्युत कम्पनी, उपकार लघुवित्त वित्तिय संस्था तथा थ्रि स्टार हाइड्रोपावर कम्पनीको शेयर मूल्यमा दश प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लाग्यो ।


यस्तै, कुमारी सबल योजना पाँच दशमलव ७६, सिन्धु विकास बैंक चार दशमलव ५७, गुहेश्वरी मर्चेन्ट चार दशमलव २२, एनसिसी डिवेञ्चर तीन दशमलव ९३ र श्री इनभेष्टमेन्ट फाइनान्स कम्पनीका लगानीकर्ताले तीन दशमलव ९० प्रतिशतले गुमाए ।रासस

# रानी जमरा कुलरिया सिँचाइ आयोजना : कृषितर्फको वित्तीय प्रगति न्यून

भजनी । राष्ट्रिय गौरवको आयोजना रानी जमरा कुलरिया सिँचाइ आयोजना कृषि कार्यक्रम कार्यान्वयन इकाइको गत आर्थिक वर्षको वित्तीय प्रगति ५० प्रतिशतभन्दा कम देखिएको छ । कृषि कार्यक्रम कार्यान्वयन इकाइले विनियोजन बजेटको ४७ दशमलव ७९ प्रतिशत वित्तीय प्रगति गरेको हो ।

गत वर्ष आयोजनाका लागि चालु तथा पुँजीगत गरी रु १४ करोड ८६ लाख बजेट विनियोजन गरिएको थियो । चालुतर्फ रु १४ करोड ८४ लाख बजेट विनियोजन गरिएकामा रु सात करोड ८२ हजार नौ सय १० अर्थात् ४७ दशमलव ७२ प्रतिशत खर्च भएको कार्यान्वयन इकाइका सूचना अधिकारी आकृति ठाकुरले जानकारी दिनुभएको छ । पुँजीगततर्फ दुई लाख बजेट विनियोजन भएकामा ९९ दशमलव ४४ प्रतिशत प्रगति भएको उहाँले बताउनुभयो ।

"कार्यान्वयन इकाइमा ठूलो बजेट शीतभण्डार निर्माणका लागि रहेको थियो । उक्त आयोजनाको काम सम्पन्न नहुँदा वित्तीय प्रगति कम देखियो," उहाँले भन्नुभयो, "अन्य अधिकांश कार्यक्रम सम्पन्न हुँदा



पनि आधा रकम शीतभण्डारको फिर्ता हुँदा खर्च प्रगति कम भयो ।" गत वर्ष शीतभण्डार निर्माणका लागि ६ करोड ६० लाख बजेट कार्यान्वयन इकाइले विनियोजन गरेको थियो । शीतभण्डारको काम सुरु भए पनि भौतिक प्रगतिका आधारमा ७५ लाख मात्रै भुक्तानी भएको देखिएको छ ।

आयोजनाको मुख्य कार्यक्रमअन्तर्गत शीतभण्डार प्राथमिकतामा पर्दै आएको छ । शीतभण्डारको काम गत वर्षदेखि सुरु भए पनि प्राविधिक समस्याका कारण निर्माणको कामले गति लिन नसकेको आयोजना प्रमुख भरत कँडेलले बताउनुभयो । "जग्गाको काम सम्पन्न भएपछि विश्व बैङ्कको प्राविधिक टोलीले अनुगमन गरेको आयोजनामा केही त्रुटि भएपछि त्यसभन्दा अगाडिको काम हुन सकेन," उहाँले भन्नुभयो, "अहिले त्यो त्रुटि समाधान भएको छ । अब शीतभण्डारको काम निरन्तर हुन्छ ।" पाँच तलाको निर्माण हुन लागेको शीतभण्डारको भवन प्राविधिक समस्या देखिएपछि चार तलाको बन्ने भएको छ । शीतभण्डार निर्माणका लागि सात करोड ६ लाखमा सम्झौता भएको छ ।

कार्यक्रम कार्यान्वयन इकाइले चालु आर्थिक वर्षका लागि आयोजनाले रु १३ करोड ६६ लाख बजेट पाएको छ । तीमध्ये पाँच करोड २५ लाख शीतभण्डारमा खर्च हुने आयोजना प्रमुख कँडेलले बताउनुभयो । चालु आर्थिक वर्षका लागि कृषि उत्पादन विविधीकरण, खाद्यान्न बाली, मुक्तकमैया, दलित कृषि विशेष कार्यक्रम, आलु क्षेत्र विस्तार कार्यक्रम, बेमौसमी तरकारी बाली क्षेत्र विस्तार, तरकारी बेर्ना उत्पादनमा सहयोग, पशु उत्पादन प्रविधि प्रदर्शन, पशु आहारा व्यवस्थापन तथा नस्ल सुधारसहित रोग व्यवस्थापन कार्यक्रमलाई प्राथमिकतामा राखिएको उहाँले जानकारी दिनुभयो ।

गौरवको आयोजनासँगै आर्थिक वर्ष २०६९/७० बाट सञ्चालनमा आएको आयोजनाको पहिलो चरण २०७४/७५ मा सम्पन्न भएर त्यसपछि दोस्रो चरणमा सञ्चालन हुँदै आएको छ । आयोजना कार्यान्वयन भएका टीकापुर, लम्कीचुहा नगरपालिका र जानकी गाउँपालिकाको केही क्षेत्रका किसानका लागि वरदान साबित भएको छ ।

चालू आर्थिक वर्ष कृषि कार्यक्रम कार्यान्वयन इकाइको अन्तिम वर्षका रुपमा रहेको छ । "चालु आर्थिक वर्ष सकिएसँगै दोस्रो चरणमा सुरु भएको कार्यक्रम सम्पन्न हुन्छ," आयोजना प्रमुख कँडेलले भन्नुभयो, "त्यसपछि तेस्रो चरण सञ्चालन हुने वा त्यसैलाई निरन्तरता दिने कि के गर्ने भन्ने कुनै जानकारी आएको छैन ।"रासस

# शतप्रतिशत योजना कार्यान्वयन

म्याग्दी । जिल्लास्थित सामाजिक विकास कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा शतप्रतिशत योजना र कार्यक्रम कार्यान्वयन गरेको छ । गण्डकी प्रदेश सरकारले कार्यालयलाई बजेट विनियोजन गरी पठाएको सबै योजना र कार्यक्रम कार्यान्वयन भएको हो ।

कार्यालयका प्रमुख रमेश थापाले चालुतर्फका २९ कार्यक्रम र पुँजीगततर्फका २६ वटा योजना रहेकामा सबै सम्पन्न भएका जानकारी दिनुभयो । "पुँजीगततर्फ विनियोजन भएको रु एक करोड ५१ लाखमध्ये ९९.८ प्रतिशत खर्च भएको छ", उहाँले भन्नुभयो, "चालु शीर्षकमा रु दुई करोड ८२ लाख ७४ हजार विनियोजन भएकोमा ७६.८३ प्रतिशत खर्च भएको छ ।"

अन्नपूर्ण गाउँपालिका-५ को शिख र धवलागिरि गाउँपालिका-७ को हेम नमूना आवासीय माविमा सञ्चालित आवासीय विद्यालयको छात्रावास भवन निर्माणसम्बन्धी कामको प्राविधिक मूल्याङ्कन अनुसार केही भुक्तानी घटाइएकाले चालु शीर्षकको वित्तीय प्रगति कम देखिएको थापाले बताउनुभयो । दुर्गम क्षेत्रका विद्यार्थीको शिक्षामा पहुँच बढाउन आवासीय विद्यालय सञ्चालनका लागि कार्यालयले शिख र हेन नमूना आवासीय माविलाई रु आठ/आठ लाख अनुदान दिएको हो । जिल्लामा १५ वटा खेलमैदान निर्माण भएका छन् ।

बेनी नगरपालिकाको पालिन्धारा, बगरफाँट, पात्लेखेत, अन्नपूर्ण गाउँपालिकाको दोसल्ले, रघुगङ्गाको खहरेखोला, पाखापानी औँला, मौवाफाँट, मङ्गला गाउँपालिकाको सिर्कुम, बङ्जा, मालिकाको बिम डाडाँगाउँ, दुखुबैंसी, धवलागिरि गाउँपालिकाको ताकममा कवर्डहल, मुदीको वुद्धिविकास मावि र मराङको डाँफे युवा क्लबको खेलमैदान निर्माण भएका कार्यालयका प्रमुख थापाले जानकारी दिनुभयो ।

अन्नपूर्णको दानामा जनकल्याण बालशिक्षा, काफलडाँडा आधारभूत विद्यालयको घेराबार, मङ्गलाको त्रिभुवन मङ्गला माविमा घेराबार, रघुगाङ्गा-३ गायत्री मन्दिरमा घेराबार, बेनी-६ को गुफामा राममन्दिर, रघुगङ्गाको भिँमा तपोवन शिवालय सन्यास आश्रम र बेनीको जगन्नाथ मन्दिर मर्मत गरिएको छ । बेनी-८ मा नवीन आनन्द योग केन्द्रको भवन, बेनी-६ मा अपाङ्गता सङ्घको भवन घेराबार र मालिका-६ मा ईशाइ भवन मर्मत तथा शौचालय निर्माण भएको कार्यालय प्रमुख थापाले जानकारी दिनुभयो । किशोरीको आत्मरक्षा, बालमत्री स्थानीय शासन प्रवर्द्धन, अपाङ्गता भएका नागरिकलाई सहायता सामग्री वितरण, महिलाका लागि निःशुल्क लोकसेवा तयारी कक्षा सञ्चालन, ज्येष्ठ नागरिकमा रहेको ज्ञान, सीप र अनुभव हस्तान्तरण गर्नेलगायत कार्यक्रम गरिएका छन् ।

आर्थिक वर्षको पहिलो चौमासिकदेखि कार्ययोजना बनाएर कर्मचारीलाई परिचालन गरी स्थानीय तहका जनप्रतिनिधि, सङ्घ संस्था र सरोकार भएकासँग समन्वय गरेर तोकिएको समयमा योजना र कार्यक्रम कार्यान्वयन गर्न सफल भएको कार्यालय प्रमुख थापाले बताउनुभयो ।रासस


## वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन सम्बन्धी सार्वजनिक सुचना

**कर्जन्हा र गणेशमान चारथान नगरपालिका क्षेत्र भित्र पर्ने कमला नदी/खोला क्षेत्रबाट दिगो एवं व्यवस्थित रुपमा ढुङ्गा, गिट्टी, बालुवा र ग्राभेल उत्खनन्/संकलन गर्ने कार्यको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदन तयारीसम्बन्धि सार्बजनिक सूचना**

(प्रथम पटक प्रकाशित मितिः २०८१/०४/०५)

मधेश प्रदेश सिरहा जिल्ला कर्जन्हा र गणेशमान चारथान नगरपालिकाद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम | १. कर्जन्हा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कर्जन्हा, सिरहा<br>इमेलः karjanhamun@gmail.com<br>फोन नं. ०३३-४११०२० |
| | २. गणेशमान चारथान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय विरेन्द्र बजार<br>इमेलः ganeshmancharnath@gmail.com<br>फोन नं. ०४१-४२७०२९ |
| प्रस्तावकको ब्यहोरा | कमला नदी/खोला क्षेत्रवाट दिगो एवं व्यवस्थित रुपमा ढुङ्गा, गिट्टी, वालुवा र ग्राभेल उत्खनन्/संकलन गर्ने कार्य |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | सिरहा जिल्लाको कर्जन्हा नगरपालिका वडा नं १,२,३, ५,६ र ७ कल्याणपुर नगरपालिका वडा नं. २,३,५,६ र ७ ।<br>धनुषा जिल्लाको गणेशमान चारथान नगरपालिका वडा नं. ५,६,७,८ र ९, कमला नगरपालिका |

माथी उल्लेखित प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) अध्ययन सम्बन्धी क्षेत्र नर्धारण (Scoping)गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक प्रणाली, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीमा के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थय चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७(सात) दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ ।

### राय सुझावको लागी पत्राचार गर्ने ठेगाना :

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगानाः | १. कर्जन्हा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय कर्जन्हा, सिरहा<br>इमेलः karjanhamun@gmail.com<br>फोन नं. ०३३-४११०२० |
| | २. गणेशमान चारथान नगरपालिकानगर कार्यपालिकाको कार्यालय विरेन्द्र बजार, धनुषा<br>इमेलः ganeshmancharnath@gmail.com<br>फोन नं. ०४१-४२७०२९ |
| परामर्शदाताको नाम र ठेगानाः | नामः सुनरस कन्सल्टेन्सी एण्ड ट्रेडर्स प्रा.लि. बिरगंज-१६, पर्सा, नेपाल<br>ईमेलः shambhuprasadchaurasiya@gmail.com<br>फोनः ९८५१००६६४३ |


# म्याग्दीका एक लाख १३ हजार पशुलाई खोप

म्याग्दी । लम्याग्दीका कृषकले पालेका एक लाख १३ हजार पशुलाई खोप लगाइएको छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रले खोपका माध्यमबाट पशुधनको सुरक्षा तथा उत्पादन वृद्धि गर्न जिल्लाका छ वटै स्थानीय तहका कृषकले पालेका पशुलाई खोप अभियान सञ्चालन गरेको हो । आर्थिक वर्ष २०८०/८१ मा पशुमा पूर्ण खोप कार्यक्रममार्फत एक लाख १३ हजार तीन सय ११ गाईभैंसी, बाख्रा, भेडा र कुकुरलाई महामारीजन्य रोग विरुद्धको छ प्रकारका खोप लगाइएको केन्द्रका पशुसेवा प्राविधिक गणेश रिजालले जानकारी दिनुभयो । १५ हजार एक सय ९८ गाई र २३ हजार दुई सय ७१ भैंसीलाई खोरेत विरुद्धको एफएमडी र आठ हजार छ सय गाईगोरुलाई लम्पी स्किन विरुद्धको खोप लगाइएको छ । पाँच हजार दुई सय ५० गाई, भैंसीलाई भ्यागुते र चरचरे विरुद्धको एचएसबीक्यु खोप लगाइएको छ ।

४४ हजार तीन सय ३८ बाख्रा र ११ हजार तीन सय ७९ भेडालाई पिपिआर विरुद्धको खोप लगाइएको पशुसेवा प्राविधिक रिजालले



बताउनुभयो । यसैगरी तीन हजार सात सय ४७ कुकुर र ७८ बिरालोलाई रेविज विरुद्धको एआरभी खोप लगाइएको छ । कृषकका पशु फार्म तथा गोठमा पुगेर पशुचौपायाको तथ्याङ्क सङ्कलन, खोपकर्ता नियुक्ति, जनप्रतिनिधि र अगुवा कृषकलाई अभिमुखीकरण गरी खोप लगाउन एक सय १८ जना प्राविधिक परिचालन गरिएको थियो ।

पशुजन्य रोगको महामारीको जोखिममा रहेका बेनी नगरपालिका र अन्नपूर्ण गाउँपालिकामा दुई चरणमा खोप अभियान सञ्चालन भएको भेटेरिनरी अस्पतालले जनाएको छ । पूर्ण खोप अभियानका लागि एक वडामा भूगोल र पशुसङ्ख्याको आधारमा दुईदेखि तीन जना प्राविधिक र खोपकर्ता परिचालन गरिएको थियो । पशुलाई महामारीजन्य रोगबाट बचाउन खोप प्रभावकारी रहेको पशु प्राविधिकहरु बताउँछन् ।

पशुबाट मानिस र मानिसबाट पशुमा सर्ने जुनोटिक रोगलाई नियन्त्रण गरी जनस्वास्थ्यलाई पार्ने नकारात्मक प्रभावबाट बचाउन र पशुजन्य रोगको उपचार र नियन्त्रण गर्दा लाग्ने समय, खर्चको बचतका लागि पूर्णखोप कार्यक्रम प्रभावकारी बनेको केन्द्रका प्रमुख डा भरत रेग्मीले बताउनुभयो । रासस

# झापामा गत आर्थिक वर्षमा चार हात्ती मरे

बनियानी । झापामा एक वर्षको अवधिमा छ मानिस र चार हात्तीको मृत्यु भएको छ । गत आर्थिक वर्ष २०८०/८१ मा जिल्लाका विभिन्न स्थानमा हात्तीको आक्रमणमा परी छजना मानिसको मृत्यु भएको र विभिन्न स्थानमा चार हात्ती मरेको अवस्थामा फेला परेको डिभिजन वन कार्यालयका प्रमुख मेघराज राईले जानकारी दिनुभयो ।

विगत १४ वर्षको तथ्याङ्क हेर्दा हात्ती मृत्युको सङ्ख्या उच्च हो । आव २०६७/६८ देखि आव २०७९/८० सम्म एक-दुई र आव २०७५/७६ मा तीन हात्तीको मृत्यु भएको कार्यालयको तथ्याङ्कमा छ । दाह्रा काटिएको अवस्थामा हात्ती मृत फेला परेकाले जिल्लामा हात्तीको सिकार भइरहेको पुष्टि भएको छ ।

हात्तीको आक्रमणबाट मृत्यु भएका चारजनाका परिवारले रु १० लाखका दरले रु ४० लाख र अन्य क्षति (घाइते, घर भत्काएको, अन्नपात नष्ट गरेको) बापत रु ३० लाख क्षतिपूर्ति पाएका छन् । हात्तीको आक्रणमा घाइते भएकालाई रु दुई लाख क्षतिपूर्ति दिने व्यवस्था भए पनि घाइतेको उपचारमा मोटो रकम खर्च हुने गरेको प्रमुख राई बताउनुहुन्छ ।"झापा देशभरिमै सबैभन्दा बढी हात्ती प्रभावित जिल्लामा पर्छ", उहाँले भन्नुभयो, "गत वर्ष देशभरि बाँडिएको राहत रकममध्ये करिब ११ प्रतिशत झापामा बाँडिएको थियो ।" हात्तीलाई छेकबार गर्न जति नै प्रयास गरे पनि हरेक वर्ष हात्ती पूर्वबाट प्रवेश गरेर कोशी पुगेर फर्किने गरेको उहाँ बताउनुहुन्छ ।

गत आवमा जिल्लामा हात्तीपीडितका लागि रु एक करोड ५० लाख राहत माग गरिए पनि रु ७० लाख मात्र आएको कार्यालय प्रमुख राई बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, "राहत रकम बेलैमा नआउँदा समस्या भएको छ, चाँडै आउने जानकारी पाएका छौं ।" झापामा आव २०६७/६८ देखि आव २०८०/८१ सम्म ६० जना मानिस र २१ हात्तीको मृत्यु भएको छ । रासस

# ताजिया मेला: दुर्घटनामा परी दुई दर्जनभन्दा बढी घाइते

**टुडे समाचारदाता**

जलेश्वर। महोत्तरी जिल्लाको जलेश्वर नगरपालिकामा ताजिया मेला भर्न जाने क्रममा ट्रैक्टर दुर्घटना परी दुई दर्जनभन्दा बढी घाइते भएका छन् । गम्भीर जलेश्वर नगरपालिका- २ स्थित जिरोमाइलमा दुर्घटना भएको छ ।

ट्रैक्टर चालकले अत्याधिक मदिरा सेवन गरेर सवारी चलाएको कारण जिरोमाइलको डिभाइडरमा ट्र्याक्टर ठोक्किँदा जानकारी दिए। प्रादेशिक अस्पताल जनकपुरमा खटिएका प्रहरी हवल्दार सुरेन्द्र ठाकुरले कम्मर, हातमा बढी चोट लागेका जलेश्वर नगरपालिका- ६ का आशिष राइनलाई थप उपचारको लागि जनकपुर रेफर



घाइतेका एक जनालाई थप उपचारको लागि जनकपुर रेफर गरिएको छ ।

जलेश्वर नगरपालिका- ६ स्थित धबौलीबाट ज १ त ८०४४ नम्बरको टयाक्टरमा चढेर पिपरा, जनकपुरधामलगायतका ठाउँमा ताजिया मेला हेर्न जाने क्रममा दुर्घटना भएको छ। दुर्घटनामा ३० जना घाइते भएको र उनीहरुको उपचार प्रादेशिक अस्पताल जलेश्वरमा भइरहेको छ ।

घाइते मध्ये अधिकांशलाई साधारण चोटपटक लागेको प्रादेशिक अस्पताल जलेश्वरका इमरजेन्सी प्रमुख रोविनकुमार झाले गरिएको बताए ।

ट्रैक्टरमा अधिकांश बालक सवार रहेको खुलेको छ । अस्पतालमा बिरामी र बिरामीका कुरुवाको भीड बढ्दै गएपछि प्रहरीले भीड हटाएर उपचारमा सहजता प्रदान गरेको जनाइएको छ ।

# लोसपामा विवाद




**टुडे समाचारदाता**

काठमाण्डु। केपी शर्मा ओलीको नेतृत्वमा गठन भएलगत्तै सरकारमा सहभागिताको विषयलाई लिएर लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालभित्र विवाद चुलिएको छ। लोसपाका वरिष्ठ नेता शरतसिंह भण्डारीलाई मन्त्री बनाएपछि लोसपामा विवाद चुलिएको छ।

भण्डारीलाई मन्त्री बनाएपछि पार्टी सहअध्यक्ष सर्वेन्द्रनाथ शुक्लाले असहमति जनाउँदै विद्रोहका लागि आन्तरिक तयारी थालेका छन्। उनले पार्टी विभाजनका लागि आन्तरिक तयारी गरिरहेका छन्। त्यसका लागि उनी पार्टीका नेताहरूसँग छलफललाई सघन बनाएका छन्। पार्टीमै रहने कि अलग हुने भन्ने विषयमा नेताहरूबीच गहन छलफल भइरहेको उनको भनाइ छ।

सहअध्यक्ष शुक्लाले प्रधानमन्त्री ओलीलाई विश्वासको मत दिएपछि पार्टीमै रहेर संघर्ष गर्ने वा अलग हुने भन्ने विषयमा अन्तिम निर्णय लिने बताए।

प्रधानमन्त्री ओलीले यही साउन ६ गते प्रतिनिधि सभाबाट विश्वासको मत लिने भएका छन्। त्यसपछि लुम्बिनी प्रदेश र मधेश प्रदेशका नेताहरूसँग छलफल गरेर पार्टीबाट अलग हुनका लागि अन्तिम निष्कर्षमा पुग्ने उनले बताए।

# वर्तमान सत्ता समीकरण २०८४ सालसम्म कायम रहने: निधि

## जसपा नेतृत्व सरकारको आवश्यकता : अध्यक्ष यादव



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका नेता विमलेन्द्र निधिले वर्तमान सत्ता समीकरण आगामी २०८४ सालसम्म कायम रहने बताएका छन् ।

जनकपुरधाम विमानस्थलमा सोमबार पत्रकारहरुसँग कुराकानी गर्दै पूर्वमन्त्रीसमेत रहेका नेता निधिले वर्तमान सरकारलाई आ-आफ्नो तर्फबाट सहयोग गर्नका लागि समेत नेता कार्यकर्तालाई आग्रह गरेका छन् । उनले अहिलेको सरकार स्थायी रहने दाबी गर्दै यसका लागि ढुक्कसंग बस्नका लागि आग्रह गरे ।

मधेश प्रदेश सरकारमा सहभागिताबारे उन भने, 'मन्त्रालय ठूलो कुरा होइन, मिलेर समस्या समाधान गरेर जानुपर्छ ।'

विमानस्थलमा नेता निधिको साथमा जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवसमेत थिए ।

यता जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले जसपा नेतृत्व सरकारको आवश्यकता रहेको बताएका छन् ।

पूर्वमन्त्रीसमेत रहेका अध्यक्ष यादवले मधेश सरकारलाई स्थिर बनाउन जसपा नेतृत्व सरकारको आवश्यकता रहेको बताए ।

उनले विगतमा जसपाले पूर्णता दिएर स्थिर सरकार चलाएका कारण अहिले पनि मधेश प्रदेश सरकारलाई स्थिर राख्न जसपा नेपालको नै अवश्यकता रहेको जिकिर गरे । उनले केन्द्रीय राजनीतिको अभ्यास गलत भइरहेका कारण प्रदेशमा पनि केन्द्रकै असर परेको बताए ।

## सिमलताल दुर्घटनाः

# थप दुई यात्रुको शव भेटियो, २१ शव फेला



**टुडे समाचारदाता**

चितवन । चितवनको सिमलताल दुर्घटनामा पहिरोका कारण बेपत्ता भएका दुई बसका यात्रुहरूमध्ये बिहीबार थप दुई शव फेला परेका छन् ।

चितवनको भरतपुर महानगरपालिका- २६ स्थित सिसुवारमा १ पुरुष र नवलपुरको विनयी त्रिवेणी गाउँपालिका- ७ त्रिवेणी ब्यारेज पुलमा एक महिलाको गरी दुई शव फेला परेको छ।

विनयी त्रिवेणी गाउँपालिका- ७ स्थित त्रिवेणी ब्यारेज पुलको १० नम्बर ढोकानजिक आज साँझ ६ बजे ३०-३५ वर्षीया महिलाको शव फेला परेको छ।

जिल्ला प्रहरी कार्यालय नवलपुरले जनाएअनुसार अहिलेसम्म २१ शव फेला परेको छ भने सो मध्ये १४ शवको मात्र सनाखत भएको जनाइएको छ। एक महिलासहित सात पुरुषको शवको सनाखत अहिलेसम्म हुन नसकेको स्थानीय प्रहरीको भनाइ छ।

अहिलेसम्म नवलपुरमा १५, चितवनमा पाँच जना र पश्चिम नवलपरासीमा एक जना गरी कुल २१ शव फेला परेको छ । त्यसमा तीन महिला, एक बालक र १७ पुरुष छन्। सनाखत भएकामा सर्लाहीको बरहथवा नगरपालिका- ३ का १९ वर्षीय रमितकुसर माझी, सर्लाहीकै रामनगर गाउँपालिका- ३ का २९ वर्षीय जितेन्द्रराम महरा, पर्साको सकुवा प्रसौनी गाउँपालिका- २ की २८ वर्षीया चन्द्रप्रभाकुमारी चौधरी, रौटहटको परुहा नगरपालिका- ६ का ४० वर्षीय ऋषिकुमार सिंह, रौतहटकै गरुडा गाउँपालिका- ९ का ९ वर्षीय बालक अशोककुमार यादव, रौतहटकै चन्द्रपुर नगरपालिका- १० का ४३ वर्षीय किशोरकुमार चौधरी, रौतहटको बोधीमाई नगरपालिका- ७ का २९ वर्षीया अमृता कुमारी रहेको जनाइएको छ।

त्यस्तै, चितवनको भरतपुर महानगरपालिका- २२ का २३ वर्षीय सुदीप विक, चितवन माडी नगरपालिका- १ का २२ वर्षीय विकास परियार, भारतको सीतामणि बर्गिनिया बस्ने २८ वर्षीय ऋषिपाल शाह, सीतामणि बेतियानिवासी ३० वर्षीय जयप्रकाश ठाकुर, सीतामणि खाना बैरगनिहा- ९ निवासी २७ वर्षीय विवेक कुमार, भारतको बिहार बेतियानिवासी ३० वर्षीय सजाद अन्सारी, बारा जिल्लाको विश्रामपुरनिवासी ४३ वर्षीय प्रमानन्द पण्डितको सनाखत भएको छ।

# वीरगञ्ज महानगरले चालकका छोराछोरीलाई पढाउने जिम्मा



**टुडे समाचारदाता**

वीरगञ्ज । सिमलताल दुर्घटनामा ज्यान गुमाएका बसका चालक जाहिर महतोका दुई छोराछोरीको पठनपाठनको जिम्मेवारी वीरगञ्ज महानगरपालिकाले लिने भएको छ।

सीमलताल पहिरोमा परेर एन्जलस डिलक्स बसका चालक वीरगञ्ज महानगरपालिका- १६ का जाहीर महतोका दुई छोरा १० वर्षको जितु, छ वर्षको बिटु र १३ वर्षीया छोरी प्रीति छन्। उनीहरूको पठनपाठनको सम्पूर्ण जिम्मेवारी वीरगञ्ज महानगरपालिकाले लिने मेयर राजेशमान सिंहले जानकारी दिए।

विगत २० वर्षदेखि बस चलाउँदै आएका महतोसँग उनको परिवारका पाँच जना सदस्य आश्रित थिए।

त्यसैगरी सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादवले सखुवा प्रसौनी गाउँपालिकाका एकै परिवारका तीन जना र गाउँपालिकामा कार्यरत दुई कर्मचारीलाई जनही एक लाख २५ हजार रुपैयाँ आर्थिक सहयोग गर्ने बताए।

असार २८ गते बिहान चितवनको सिमलतालमा पहिरोमा परी बस बेपत्ता हुँदा बसमा सवार २४ जना बेपत्ता भएका थिए। जसमध्ये १४ जना पर्सा जिल्लाका यात्रु थिए । बेपत्तामध्ये सखुवा प्रसौनी गाउँपालिकाका- २ स्थित जमुनीयाका एकै परिवारका तीन जना हृदय नारायण चौधरी थारु उनकी श्रीमती भगवती थरूनी छोरा चन्द्रप्रभासमेत छन्।

त्यस्तै सखुवा प्रसौनी गाउँपालिका श्रीपुरमा रहेको अस्पतालमा कार्यरत रेडियोग्राफर कलैया उपमहानगरपालिकाका सृष्टि यादव र ल्याब असिस्टेन्ट सखुवा प्रसौनी गाउँपालिका वडा नम्बर ३ कलैया देवरवानाका रैफुल अन्सारी पनि बेपत्ता छन्।

# रौतहटमा झडप हुँदा १९ प्रहरी घाइते




**टुडे समाचारदाता**

रौतहट । रौतहटमा मोहर्रम पर्व मनाउने क्रममा भएको झडपमा १९ जना सुरक्षाकर्मी घाइते भएका छन्।

जिल्लाको राजपुर नगरपालिकाको कुडिया गाउँमा मोहर्रम पर्व मनाउने क्रममा भएको झडपमा १९ जना सुरक्षाकर्मी घाइते भएका छन्।

राजपुर नगरपालिका-६ स्थित कुडियामा मुस्लिम समुदायले दाहा मनाउने क्रममा उच्छृंखल गतिविधि हुने क्रममा धकेलाधकेलको स्थिति सिर्जना भएको थियो।

केही युवाहरू उच्छृंखल भइरहँदा प्रहरी प्रशासनले माइकिङ गरेर शान्त रहन आग्रह गरेका थिए। सोही क्रममा सुरक्षाकर्मीमाथि ढुंगा प्रहार भएपछि स्थिति तनावग्रस्त बनेको थियो । जसबाट नेपाल प्रहरी र सशस्त्र प्रहरीका १९ सुरक्षाकर्मी घाइते भएका छन्।

मेला भर्ने क्रममा हजारौँ मुस्लिम समुदायको उपस्थिति रहेको थियो । स्थिति नियन्त्रणमा लिन ठुलो संख्यामा प्रहरी टोली परिचालन गरिएको थियो। स्थितिलाई नियन्त्रणमा लिन प्रहरीले अश्रुग्याँस र ब्याक हवाई फायर समेत गरेका थिए। त्यसपछि स्थितिलाई नियन्त्रण आएको प्रहरीले जनाएको छ।

बिहीबार साँझ साढे छ बजेदेखि करिब आठ बजेसम्म कुडियाको स्थिति तनावग्रस्त रहेको थियो।

नेपाल प्रहरीका रौतहट प्रहरी उपरीक्षक दिलीप घिमिरे र सशस्त्र प्रहरीका प्रहरी उपरीक्षक बिक्रम हुमागाईंको संयुक्त कमान्डमा सुरक्षाकर्मी परिचालित भएका थिए।

ढुंगा प्रहारबाट नेपाल प्रहरीका १७ र सशस्त्र प्रहरीका दुई जना गरी १९ जना सुरक्षाकर्मी घाइते भएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

घाइते भएका प्रहरीको स्वास्थ उपचारपछि जिप्रका रौतहट पठाइएको छ।

यता अहिले भने अवस्था सामान्य बनेको जनाइएको छ।

# ईन्जिनियर्सद्वारा शुभकामना आदानप्रदान




**टुडे समाचारदाता**

जनकपुरधाम । ईन्जिनियर हरुले ईन्जिनियर्स दिवसको अवसरमा शुभकामना आदानप्रदान तथा प्रमाणपत्र वितरण गरेर मनाएका छन् ।

जनकपुरधाममा बिहीबार ईन्जिनियर्स दिवसको अवसर पारेर सम्पूर्ण ईन्जिनियरहरुलाई प्रोत्साहनस्वरुप प्रमाणपत्र वितरण गरेका छन् ।

सो क्रममा नेपाल ईन्जिनियर्स एशोसिएसन मधेश प्रदेशका अध्यक्ष गौरी पण्डितले सम्पूर्ण उपस्थित ईन्जिनियरहरुलाई सम्मानसहित प्रमाणपत्र वितरण गर्दै ईन्जिनियरुले समाज, प्रदेश र मुलुकको विकास निर्माणको कर्मधार रहेका कारण ईन्जिनियरहरुले आफ्नो विश्वसा र समाजप्रतिको कर्तव्य कहिल्यै विर्सन नहुने बताए ।

उनले आधुनिक समाजको विकास निर्माणको संवाहक नै ईन्जियरहरु रहेकाले गम्भीरतापूर्वक जिम्मेवारी निर्वाह गर्नुपर्ने अवस्था रहेको बताए । विद्यमान समाजमा ईन्जिनियरहरुमाथि विभिन्न खाले चुनौती रहे पनि आफ्नो दायित्वबाट पञ्छिन नमिल्ने समेत उनको भनाइ थियो । सो क्रममा सयौं ईन्जिनियर हरुलाई सम्मानसहित प्रमाण पत्र वितरण गरिएको थियो ।

# समाजिक कुरीति रोक्न युवा सशक्तीकरणका लागि सामूहिक प्रतिबद्धता

**टुडे समाचारदाता**

राजविराज। नागरिक समाज र सञ्चार कार्यक्रम अन्तर्गत समाजिक कुरीति रोक्न तथा सिमान्तकृत समूदायको किशोर, किशोरी र युवा सशक्तीकरणका लागि बिहीबार राजविराजमा दुई दिने अभियानको सुरुवात गरिएको छ।

बालबिवाह, लैंगिक हिंसा, लागू औषध दुर्व्यसनी, दाइजो, तेश्रो लिंगी प्रति हुने उपेक्षापूर्ण व्यवहार, शिक्षामा पहुँचलगायतका विषयमा सामूहिक छलफलमार्फत समाधानको प्रयास तथा युवाहरुको सशक्तीकरण गर्ने लक्ष्यका साथ अभियान सुरु गरिएको छ।

सबल नेपालको आयोजना तथा राजविराज नगरपालिकाको समन्वयमा भएको सो कार्यक्रम



पालिकाको १६ वटै वडाका युवा अगुवा तथा विभिन्न समाजिक संघ-संस्थाका प्रतिनिधिहरुको सहभागितामा थालिएको छ।

समाजिक विकृति, विसंगति र त्यसले उब्जाउने समस्या तथा युवा सशक्तिकरणमा केन्द्रित रहेर चलाइएको सो कार्यक्रममा राजविराज नगरको १६ वटै वडाका गरी ३५ जना युवा अगुवाको सहभागिता रहेको कार्यक्रम अधिकृत सवनम यादवले जानकारी दिइन।

कार्यक्रममा सहभागी युवाहरुले समाजिक विकृति र विसंगति रोक्न तथा युवा सशक्तिकरणका लागि आ-आफ्नो स्तरबाट पहल गर्ने सामूहिक प्रतिबद्धता समेत जनाएका छन।

यस अघि जिल्लाको १८ मध्ये १७ वटा पालिकामा यस्तो कार्यक्रमको आयोजना गरी पालिकास्तरीय यूवा संजाल समेत गठन गरिसकिएको नागरिक समाज संचार कार्यक्रमका अधिकृत चन्दन यादवले बताए। उनले राजविराजमा अभियानको दोश्रो दिन शुक्रबार युवा सञ्चाल गठन हुने समेत बताए।

सो कार्यक्रममा निलहिरा समाजका सहजकर्ता राम प्रकाश चौधरी, राजविराज नगरपालिकाका शाखा अधिकृत अनिता चौधरी, सबल नेपालका कार्यक्रम सचिव शिला कर्ण, समाजवादी महिला संघ सप्तरीकी अध्यक्ष रमिला देवी साहलगायतले बोले।

# स्थानीय भूउपयोग क्षेत्र वर्गीकरण मापदण्ड पारित

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको कमला नगरपालिकाले स्थानीय भूउपयोग क्षेत्र वर्गीकरण मापदण्ड २०८१ परित गरेपछि जग्गा वर्गीकरण कित्ताकाट हुने भएको छ।

सरकारले जग्गा वगीकरण तथा कित्ताकाटको अधिकार स्थानीय तहमा प्रत्यायोजन गरेसंगै जग्गा वर्गीकरणका कारण खरिदविक्रिदेखि सम्पूर्ण कारोबार नै ठप्प रहेको अवस्थामा कमला नगरपालिकाले जग्गा वर्गीकरण सम्बन्धी मापदण्ड राजपत्रमा प्रकाशित गरेसंगै स्थानीयवासीलाई सहज हुने भएको छ।

कमला नगरपालिकाका सूचना अधिकारी वीरेन्द्र सेधानले स्थानीय भूउपयोग क्षेत्र वर्गीकरण




मापदण्ड २०८१ पारित भएको जानकारी दिए।

भूउपयोग ऐन, २०७६ तथा भूउपयोग नियमावली २०७९ को मापदण्ड तथा आधारहरुका साथै देहाय अनुसार यस कमला नगरपालिकाको जग्गालाई भूउपयोग क्षेत्रमा वर्गीकरण गरिने प्रयोजनका लागि भूउपयोग ऐन २०७६ को दफा ५ को उपदफा ४ बमोजिम भूउपयोग क्षेत्र नक्सालाई अध्यावधिक गर्न सो मापदण्ड र आधार जारी गरिएको नगर प्रमुख विशेश्वर यादवले बताए।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८